# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ८२ | काठमाडौं | मंगलबार, ३० असार २०८३ | Prabhab National Daily | Tuesday, 14 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# आलोचनात्मक आवाज दबाउन सञ्चारगृहमा ‘पार्किङ आतंक’

- सरकारको आलोचना गर्ने मिडियाको कार्यालयअघि शंकास्पदरूपमा गाडी पार्किङ
- रास्वपा नेताहरु पार्किङ गराउनेमा जोडिए
- मिडियामाथि नाकाबन्दी लगाउने र प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्न खोजेको भन्दै विरोध
- सरकारका निर्णय, कार्यशैली र सडकमा उठेका नागरिकका आवाजलाई दबाउन खोजेको भन्दै आलोचना
- प्रहरीको भूमिका शंकास्पद



**सोमबार कान्तिपुर, अनलाइनखबर र हिमालय टेलिभिजनका मूल गेटमा पार्किङ गरेर छाडिएका गाडी ।** *तस्बिर सौजन्य : अनलाइनखबर*

■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारका गलत निर्णय र कार्यशैलीमाथि निरन्तर प्रश्न उठाउँदै आएका सञ्चारमाध्यमलाई लक्षित गर्दै ‘पार्किङ आतंक’ मच्चाइएको छ । सोमबार एकैदिन तीन सञ्चार गृह (कान्तिपुर, अनलाइनखबर र हिमालय टेलिभिजन)का मूल प्रवेशद्वारमै गाडी पार्किङ गरेर चालक हिँडेका घटनाले सञ्चार क्षेत्रलाई तरंगित बनाएको हो । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगनकुमार थापाको मैतिदेवीस्थित घरको गेटमा पनि त्यही शैलीमा गाडी पार्किङ गरेर छाडिएको थियो ।

यस घटनापछि सरकारविरोधी आवाज थुन्न खोजिएको आरोप सरकारमाथि लागेको छ । साथै, प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप भएको भन्दै चौतर्फी विरोध सुरु भएको छ ।

सोमबार बिहान तीनकुनेस्थित कान्तिपुर टेलिभिजन, बुद्धनगरस्थित अनलाइनखबर र मध्य बानेश्वरस्थित हिमालय टेलिभिजनको कार्यालयको गेटमा उस्तै शैलीमा गाडी पार्किङ गरिनु, प्रहरीको ढिलो सक्रियता र घटनाको पृष्ठभूमिले प्रेस स्वतन्त्रतामाथि संगठित दबाब सिर्जना गर्न खोजिएको हो कि भन्ने प्रश्न उब्जिएको सरोकारवालाको भनाइ छ । यद्यपि, यस घटनामा सरकार वा कुनै पक्षको प्रत्यक्ष संलग्नता अहिलेसम्म आधिकारिकरूपमा पुष्टि भएको छैन । प्रहरीले अनुसन्धान जारी रहेको जनाएको छ ।

पत्रकार, कर्मचारी र सेवाग्राहीलाई कार्यालय प्रवेश गर्न कठिन हुनेगरी गाडी तेर्स्याइएपछि ती सञ्चारगृहहरूले प्रहरी प्रशासनलाई तत्काल जानकारी गराएका थिए । तर सूचना दिएको झण्डै चार घण्टापछि मात्रै गाडी हटाउने प्रक्रिया सुरु भएको भन्दै सरकारी संयन्त्रको भूमिकामाथि प्रश्न उठाइएको छ ।

यो घटना त्यतिबेला भएको हो, जब सरकार सुकुमबासी व्यवस्थापन, गणेश नेपालीको आत्मदाह प्रकरण, काठमाडौं महानगरको कार्यशैली तथा सार्वजनिक असन्तुष्टिका विषय तीव्र आलोचनाको केन्द्रमा छ । ती विषयमा लगातार समाचार सम्प्रेषण गरिरहेका सञ्चारमाध्यमकै गेट लक्षित हुनु संयोगमात्र नभएको टिप्पणी सञ्चार क्षेत्रका सरोकारवालाले गरेका छन् ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रमुख राजनीतिक सल्लाहकार कुमार व्यञ्जनकारसमेत यस घटनामा जोडिएका छन् । उनकै योजनामा ‘पार्किङ आतंक’ मच्चाइएको दाबीसमेत सरोकारवालाले गरेका छन् । व्यञ्जनकारले सञ्चालन गर्दै आएको फेसबुक पेज ‘ट्रोल नेपाल’ मा सोमबार आएको स्टाटसले उक्त दाबीलाई थप पुष्टि गरेको छ । सोमबार सञ्चार गृहहरूका गेटमा शंकास्पद गाडी पार्किङ गरिएपछि उक्त पेजमा ‘राज्यले नो पार्किङ जोन भनेको ठाउँमा पार्किङ गरेको गाडी उठाउँदा वा फाइन काट्दा ज्यादती भयो भन्ने मिडियाहरू पाँच-छ घण्टामै आफूहरूलाई विज्ञप्ति निकाल्नपर्ने भए छ’ भन्ने पोस्ट लेखिएको थियो ।

उक्त पोस्टले हालै महानगर प्रहरीसँगको विवादपछि राइडर गणेश नेपालीले आत्मदाह प्रयास गरेको घटनालाई संकेत गरेको छ । महानगर प्रहरीले गणेशको मोटरसाइकलमा ‘ह्विल लक’ लगाइदिएपछि आत्मदाह प्रयास गरेका नेपालीको उपचारका क्रममा निधन भएको थियो । उनको निधनपछि सञ्चारमाध्यममा सरकारको कार्यशैलीको चर्को आलोचना हुँदै आएको छ । सोही कारण सरकारले आफूविरोधी आवाज दबाउने षड्यन्त्र भएको सरोकारवालाको दाबी छ ।

क्रमशः पृष्ठ २ मा



घटनाको सिलसिला हेर्दा यो सामान्य देखिँदैन । पत्रकारहरूले भयरहित वातावरणमा काम गर्न पाउनुपर्छ ।

**निर्मला शर्मा**
अध्यक्ष, नेपाल पत्रकार महासंघ



गाडी राखेर बाटोमात्रै छेकिएको होइन, आवाज नै थुन्न खोजिएको हो ।

**गगनकुमार थापा**
सभापति, नेपाली कांग्रेस



लोकतन्त्रमा यस्ता नसुहाउने कार्य किन सरकारबाट भइरहेको छ ? बुझ्न सकिएको छैन तर जे भयो आलोचनात्मक आवाज थुन्न खोजेको देखिन्छ ।

**भीष्मराज आङ्देम्बे**
प्रमुख विपक्षी नेता



स्वतन्त्र र भयरहित पत्रकारिता नै लोकतन्त्रको प्राणवायु हो । प्रेस क्षेत्रलाई त्रसित बनाउने उद्देश्यबाट गरिएका यस्ता गतिविधिको हामी भर्त्सना गर्छौं ।

**विपिन आचार्य**
महामन्त्री, रास्वपा

**सन्दर्भः वैदेशिक रोजगार**

### सरकारलाई संघको ध्यानाकर्षणपत्र

## सरकारको नियन्त्रणमुखी नीति नसच्याए व्यवसाय नै बन्द हुने चेतावनी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले युवा, श्रम तथा रोजगार मन्त्रालय र वैदेशिक रोजगार विभागको एकपक्षीय निर्णयका कारण व्यवसाय संकटग्रस्त बन्दै गएको जनाएको छ । सोमबार संघका अध्यक्ष डिकबहादुर खत्री नेतृत्वको टोलीले विभागकी महानिर्देशक मिरा आचार्यलाई ध्यानाकर्षणपत्र बुझाउँदै व्यवसाय सञ्चालन गर्न नसक्ने स्थिति आए त्यसको जिम्मेवारी राज्यले लिनुपर्ने चेतावनी दिएको छ ।



सरकारले सरोकारवालासँग आवश्यक छलफल नै नगरी निर्णय लागू गरेर व्यवसायीका व्यावहारिक कठिनाइलाई बेवास्ता गरेको संघको गुनासो छ । यस्तो अवस्थामा व्यवसाय सञ्चालन गर्न नसक्ने संघको ठहर छ । ‘व्यवसायीका व्यावहारिक कठिनाइ र वास्तविकतालाई बेवास्ता गरी दण्डात्मक र नियन्त्रणमुखी नीति अवलम्बन गरिनु दुःखद छ,’ ध्यानाकर्षणपत्रमा भनिएको छ, ‘यस्तै अवस्था निरन्तर रहिरहने हो भने

क्रमशः पृष्ठ २ मा

## प्रगतिशील मञ्चको सातौं अधिवेशन २९ साउनमा

**काठमाडौं (प्रस)–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको सातौं अधिवेशन आगामी साउन २९ गते हुने भएको छ । सोमबार बसेको कार्यसमितिको पूर्ण बैठकले मञ्चको सातौं अधिवेशनको मिति तय गरेको हो ।

मञ्चका अध्यक्ष जनक रावलको अध्यक्षतामा सम्पन्न बैठकले अधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्न विभिन्न निर्णयहरू समेत गरेको छ । अधिवेशनका लागि प्रतिनिधि छनोट गरी साउन १९ गतेभित्र प्रतिनिधि पठाइसक्नुपर्ने समयसीमा निर्धारण गरिएको छ । अधिवेशन व्यवस्थापनका लागि विभिन्न समिति गठन गर्दै जिम्मेवारीसमेत तोकिएको छ ।

क्रमशः पृष्ठ २ मा

## केसीलाई अध्यक्ष तोक्ने निर्णय सच्याउन प्रजिअलाई बुझाइयो पत्र

**काठमाडौं (प्रस)–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले त्रुटिपूर्ण निर्णय सच्याउन अनुरोध गर्दै जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पत्र बुझाएको छ । सोमबार प्रमुख जिल्ला अधिकारी (प्रजिअ) ईश्वरराज पौडेललाई पत्र बुझाउँदै प्रशासनले एसोसिएसनका अध्यक्षबाट रामप्रसाद गैरेलाई हटाएर किशोरकुमार केसीलाई जिम्मेवारी दिन गरेको निर्णय संस्थाको विधानविपरीत भएको दाबी गरेको हो ।

पत्रमार्फत संस्थाको विधानको दफा १३ को (४)मा अध्यक्षको पद रिक्त भएमा निर्वाचन प्रक्रियाबाट पदपूर्ति गर्ने प्रावधान रहेको स्मरण गराइएको छ ।

एसोसिएसनका सम्पूर्ण कार्यसमिति सदस्यले प्रजिअ पौडेलसमक्ष प्रशासनको निर्णय संस्थाको विधानविपरीत भएकाले मान्य नहुने स्पष्ट पारेका छन् । निर्वाचन प्रक्रियाबाट निर्वाचित पदाधिकारीलाई दुःख दिने काम भइरहेकाले न्यायोचित निर्णय नभए प्रशासनविरुद्ध लड्नसमेत तयार रहेको एसोसिएसनका महासचिव सुमनराज पाण्डेले बताए । ‘निर्वाचन प्रक्रियामा त्रुटि छैन । सबैले त्यसलाई स्वीकार गरेको छ । एउटा मान्छेको स्वार्थमा यस्तो भइरहँदा सिडिओ कार्यालयले त्यसमा प्रश्न उठाउनपर्छ,’ उनले भने, ‘बहुमत लिएर आएको अवस्थामा अदृश्य शक्तिले दुःख दिइरहन्छ भने जिल्ला प्रशासनभन्दा माथिल्लो न्यायिक निकायमा जान पनि तयार छौं ।’

प्रशासनले अध्यक्ष तोकेका केसीलाई गत असार २१ गते बसेको एसोसिएसनको कार्यसमिति बैठकले साधारण सदस्यसमेत नरहनेगरी कारबाही गरेकोसमेत दाबी गरिएको छ । कोसीलाई संस्थाको विधानको व्यवस्थाबमोजिम साधारण सदस्यसमेत नरहनेगरी निलम्बन गरिएको महासचिव पाण्डेले बताए ।

पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी पौडेलले अध्यक्षबाट गैरेलाई हटाउने निर्णय जायज भए पनि त्यसपछि कसलाई अध्यक्ष तोक्ने भन्ने विषयमा कानुनी परामर्श लिने बताए ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## आलोचनात्मक...

नेपाल पत्रकार महासंघले सोमबारको घटनाप्रति गम्भीर आपत्ति जनाउँदै यसलाई सञ्चारकर्मीलाई त्रसित बनाउने प्रयासको रूपमा व्याख्या गरेको छ ।

'घटनाको सिलसिला हेर्दा यो सामान्य देखिँदैन । पत्रकारहरूले भयरहित वातावरणमा काम गर्न पाउनुपर्छ,' महासंघकी अध्यक्ष निर्मला शर्माले बताइन् ।

महासंघले जारी गरेको विज्ञप्तिमा सञ्चारगृहको नियमित कामकाजमा अवरोध पुऱ्याउने र पत्रकारलाई मनोवैज्ञानिक दबाबमा राख्ने कुनै पनि गतिविधि लोकतान्त्रिक मूल्य-मान्यताविपरीत भएको उल्लेख गर्दै तत्काल निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गरेको छ ।

घटनाले राजनीतिक वृत्तमासमेत तरंग ल्याएको छ । कांग्रेस सभापति थापाले यसलाई प्रेस स्वतन्त्रता र नागरिक स्वतन्त्रतामाथिको प्रहारको रूपमा टिप्पणी गरेका छन् । आफ्नै निवास अगाडि पनि गाडी तेर्स्याएर अवरोध सिर्जना गरिएको उल्लेख गर्दै उनले राज्यले आलोचनात्मक आवाजलाई दबाउन खोजेको आरोप लगाए । 'गाडी राखेर बाटोमात्रै छेकिएको होइन, आवाज नै थुन्न खोजिएको हो,' सभापति थापाले भने ।

उनले सरकारप्रति प्रश्न उठाउने सञ्चारमाध्यम, विपक्षी नेता र नागरिकलाई एकै ढाँचामा लक्षित गरिनु गम्भीर विषय भएको बताए । उनका अनुसार लोकतन्त्रमा असहमति र आलोचना स्वाभाविक प्रक्रिया हुन्, त्यसलाई दबाउने कुनै पनि प्रयास अस्वीकार्य हुन्छ ।

सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि घटनाको भर्त्सना गरेको छ । पार्टीले प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारभूत मूल्य भएको उल्लेख गर्दै सञ्चारमाध्यमलाई त्रसित बनाउने उद्देश्यका गतिविधि स्वीकार्य नहुने जनाएको छ ।

'स्वतन्त्र र भयरहित पत्रकारिता नै लोकतन्त्रको प्राणवायु हो । प्रेस क्षेत्रलाई त्रसित बनाउने उद्देश्यबाट गरिएका यस्ता गतिविधिको हामी भर्त्सना गर्छौं,' पार्टी महामन्त्री विपिन आचार्यले बताए ।

घटनास्थलमा प्रहरी र ट्राफिक प्रहरी पुगे पनि कसले, किन र कुन उद्देश्यले गाडी राख्यो भन्नेबारे तत्काल कुनै स्पष्ट जानकारी सार्वजनिक नभएको सम्बन्धित सञ्चारगृहहरूले जानकारी दिएका छन् । केही गाडी क्रेनको सहायताले हटाइए पनि अनुसन्धानको गति सुस्त रहेको भन्दै आलोचना भएको छ ।

घटनामा प्रयोग भएका केही गाडीका स्वामित्वबारे विभिन्न विवरण सार्वजनिक भएका छन् । तीमध्ये एक गाडी रास्वपासँग आबद्ध एक नेताले प्रयोग गर्दै आएको खुलेको छ । अर्को गाडीका धनीले आफूले नचलाएको बताएका छन् । यद्यपि, यी दाबीहरूबारे प्रहरीको आधिकारिक निष्कर्ष सार्वजनिक भइसकेको छैन ।

यो घटनालाई पछिल्ला केही सातादेखि सरकारविरुद्ध उठिरहेका आवाजसँग पनि जोडेर हेरिएको छ । सुकुमबासी व्यवस्थापन, आत्मदाह प्रकरण, सार्वजनिक सेवा प्रवाह, सुशासन र राज्य संयन्त्रको भूमिकाबारे प्रश्न उठाउने समाचार निरन्तर प्रकाशित भइरहेका बेला ती समाचार सम्प्रेषण गर्ने संस्थामाथि नै यस्तो गतिविधि हुनु संयोगमात्र नहुन सक्ने आशंका गरिएको छ ।

जबकि, प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारभूत स्तम्भ हो । सरकारका निर्णयमाथि प्रश्न उठाउनु, सार्वजनिक सरोकारका विषय उजागर गर्नु र नागरिकलाई सुसूचित गर्नु सञ्चारमाध्यमको संवैधानिक दायित्व हो । त्यसैले समाचारको विषयवस्तुसँग असहमति भए त्यसको जवाफ तथ्य, प्रमाण र सार्वजनिक संवादबाट दिनुपर्नेमा अवरोध, त्रास वा दबाबको वातावरण सिर्जना गर्ने कुनै पनि प्रयास लोकतान्त्रिक संस्कृतिसँग मेल नखाने प्रमुख विपक्षी नेता भीष्मराज आङ्देम्बेले बताए ।

'लोकतन्त्रमा यस्ता नसुहाउने कार्य किन सरकारबाट भइरहेको छ ? बुझ्न सकिएको छैन । जे भयो, आलोचनात्मक आवाज थुन्न खोजेको देखिन्छ, जुन लोकतान्त्रिक संस्कृतिसँग मेल खाँदैन,' उनले प्रभावसँग भने ।

घटनामा सरकार वा कुनै राजनीतिक शक्तिको योजनाबद्ध संलग्नता रहेको कुरा हालसम्म प्रमाणित भइसकेको छैन ।

■■■

## सरकारको...

इजाजतपत्रवाला संस्थाहरू वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न असमर्थ हुने र अन्ततः श्रमिक पठाउने कार्य नै स्थगन गर्न बाध्य हुने अवस्था सिर्जना हुनसक्छ ।'

संघले भारतीय विमानस्थलमार्फत श्रमिक पठाउने व्यवसायीलाई कारकाही गरिएकोप्रति पनि गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । विभागले शनिबार सूचना जारी गर्दै अनुमतिविनै भारतीय विमानस्थलको प्रयोग गरेको भन्दै १५६ वटा संस्थाको नाम सार्वजनिक गर्दै कारबाही गरेको थियो । विगतमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ट्याक्सी वे मर्मतका कारण अन्तर्राष्ट्रिय उडान कटौती भएको र हवाइ भाडा अस्वाभाविकरूपमा वृद्धि भएको अवस्थामा सरकारले नै भारतीय विमानस्थलको प्रयोग गर्ने अनुमति दिएको संघले जनाएको छ ।

त्यसयता वृद्धि भएको हवाइ भाडाको चर्को शुल्कबाट श्रमिकलाई राहत दिन भारतका विमानस्थल प्रयोग हुँदै आएको संघको भनाइ छ । सोही विषयलाई आधार बनाइ व्यवसायीलाई कारबाही गर्नु वैदेशिक रोजगार ऐन, २०६४ र प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको उल्लेख गरिएको छ ।

कसैको उजुरीकै आधारमा म्यानपावर सञ्चालकलाई पक्राउ पुर्जी जारी गर्ने, अनावश्यक बोलाउने तथा दबाब दिने कार्य बढ्दै गएकोप्रति पनि संघले असन्तुष्टि जनाएको छ । सत्यतथ्य परिक्षण नै नगरी अपराधीसरह व्यवहार गर्दा व्यवसायीको मनोबल कमजोर भएको संघको गुनासो छ । त्यस्तै, रोजगारीमा जाने श्रमिकको वैज्ञानिक सेवा शुल्क लागू नहुँदासम्म 'फ्रि-भिसा, फ्रि-टिकट'को प्रावधान पूर्णरूपमा कार्यान्वयन गर्न नसक्नेसमेत स्पष्ट पारेको छ ।

सो क्रममा साउदी अरबको सीप प्रमाणीकरण कार्यक्रम (एसभिपी) को विषयमा सरकारबाट स्पष्ट नीतिगत निर्णय नहुञ्जेलसम्म लोड अनलोड वर्कर, क्यारियर, ह्विलब्यारो वर्कर, कन्स्ट्रक्सन वर्कर र कन्स्टक्ट्रिङ वर्करको पूर्व तथा अन्तिम श्रम स्वीकृति अस्थायीरूपमा रोक्का गर्न आग्रह गरिएको संघले जानकारी दिएको छ ।

सोही विषयमा संघले आज (मंगलबार) श्रमसचिव डा. दीपक काफ्लेकोसमेत ध्यानाकर्षण गराउने भएको छ । मन्त्रालयबाट सकारात्मक कुरा नआए श्रमिक पठाउन रोक्ने निर्णय भएको संघका महासचिव हिराबहादुर डाँगीले जानकारी दिए ।

■■■

## प्रगतिशील...

मूल व्यवस्थापन समितिको संयोजक अध्यक्ष रावल रहने छन् भने विधान संशोधन समिति संयोजकको जिम्मेवारी दलवीर भण्डारीलाई दिइएको छ ।

त्यस्तै, प्रतिनिधि व्यवस्थापन समिति संयोजक मुक्तिनाथ अधिकारी र सहसंयोजक सोम तामाङ र डण्डपाणी भट्टराई (दीलिप) रहने छन् । आर्थिक समिति संयोजक शिवहरी मैनाली (शित्तल) र प्रचारप्रसार समिति संयोजक राजेन्द्र अधिकारी रहने छन् । मञ्चले विगतमा कारबाही गरेका सदस्यहरूको कारबाही फुकुवा गरी मञ्चमा आस्था राख्नेलाई घर फिर्ता हुने अभियानमा सहभागी हुन आह्वान गर्ने निर्णयसमेत गरेको छ ।

■■■

## केसीलाई अध्यक्ष...

'हाल विवादित भएका दुई जना अध्यक्ष र उनीहरूका कानुनी सल्लाहकार र सिडिओ कार्यालयको पनि कानुनी सल्लाहकार राखेर निर्णय लिन्छौं,' प्रजिअ पौडेलले भने ।

गत असार ५ गते सम्पन्न १३औं साधारणसभा तथा निर्वाचनबाट एसोसिएसनको अध्यक्ष पदमा गैरे निर्वाचित भएका थिए । प्रशासनले गैरेलाई संस्थाको विधानको दफा (७) र (८) बमोजिम अध्यक्ष हुन आवश्यक योग्यता नपुगेको देखिएको भन्दै अध्यक्ष पदबाट हटाई उनका निकटतम् प्रतिद्वन्द्वी केसीलाई गत असार २२ गते अध्यक्षको जिम्मेवारी तोकेको थियो ।

निलम्बित अध्यक्ष गैरेले भने आफूमाथि करिब १५ वर्षअघि लागेको अभियोगमा सम्बन्धित निकायबाट सफाइ पाइसकेको दाबी गरेका छन् । जिल्ला प्रशासनमा एसोसिएसनका कार्यवाहक अध्यक्ष सुवर्ण लामासहित नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरू, पूर्वअध्यक्ष, निर्वाचन अधिकृतलगायतको उपस्थिति थियो ।

# भक्तपुर जिल्ला पूर्ण खोप सुनिश्चित

**भक्तपुर (प्रस)**– जिल्लाभित्र रहेका सम्पूर्ण बालबालिका अर्थात् १० हजार ७४३ बालबालिकाले सम्पूर्ण खोप पूरा गरेपछि भक्तपुर जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालयले मध्यपुरथिमिमा आयोजना गरेको कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा मगरले भक्तपुर जिल्लालाई पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गर्दै प्रमाणपत्र हस्तान्तरण गरे ।

त्यस अवसरमा प्रदेशमन्त्री थापाले खोप कार्यक्रमले बालबालिकाको जीवन रक्षा मात्र नभई स्वस्थ समाज निर्माणको आधार तयार गरेको बताए । उनले भक्तपुर अस्पतालमा मुटुरोग सेवा विस्तार, ख्वप अस्पतालमा अत्याधुनिक एमआरआई मेसिन जडानका लागि १५ करोड रूपैयाँ बजेट विनियोजन, सूर्यविनायक नगर अस्पताललाई ट्रमा सेन्टरका रूपमा विकास गर्न बजेट छुट्याइएको जानकारी दिए । बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले भक्तपुर अस्पताल मुलुककै उत्कृष्ट अस्पतालका रूपमा स्थापित भएको बताए । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयकी सचिव डा. सुमित्रा गौतमले पूर्ण खोप सुनिश्चितता घोषणाले हरेक वर्ष बाल मृत्युदरमा करिब ८० प्रतिशतले घटेकाले यसको दिगोपना कायम राख्नु ठूलो जिम्मेवारी रहेको धारणा राखिन् ।

जनस्वास्थ्य कार्यालय भक्तपुरकी प्रमुख अञ्जना खड्काले जिल्लामा जन्मेदेखि १६ महिनासम्मका पाँच हजार ५० बालबालिका तथा १६ महिनादेखि २३ महिनासम्मका पाँच हजार ६८४ बालबालिकाले आवश्यक सबै खोप पूर्णरूपमा प्राप्त गरेको जानकारी दिइन् । जिल्ला खोप समन्वय समितिका संयोजक तथा जिल्ला समन्वय समितिकी कार्यवाहक प्रमुख सुजाता बाडेले पूर्ण खोप सुनिश्चितता घोषणासँगै नियमित अनुगमन, जनचेतना अभिवृद्धि र सेवा विस्तारमार्फत यसको दिगोपना कायम राख्नुपर्ने बताइन् ।

त्यस अवसरमा पूर्ण खोप सुनिश्चितता अभियान सफल बनाउन योगदान पुऱ्याउने चारै नगरपालिका, स्वास्थ्य कार्यालय, विभिन्न सरोकारवाला निकाय तथा महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गरियो ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/३० गते**

यस कम्पनीको मिति २०८३/०३/१५ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **अव्रोड कन्सल्टीङ सोलुसन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एन.एस. स्मार्ट एजुकेशन कन्सन्टेन्सी प्रा.लि. (प्रा.लि.नं. १६०७४७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### सच्याईएको सूचना

मिति २०८३/०३/२७ गते प्रकाशित यस सुन्दर हरियाली सा.व.उ.स. हरिहरपुर गढी गा.पा-०८ को शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको प्रथम पटक प्रकाशित सूचनामा विभिन्न ग्रेडका साल जातको गोलिया थान १४२ को १५०६.०४ क्यूफिट हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

**-अध्यक्ष**
**सुन्दर हरियाली सा.व.उ.स.**
**हरिहरपुर गढी गा.पा-०८, सिन्धुली**

### मोटरसाइकल हराएको सूचना

मिति २०८३।०३।१९ गते काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं.७ लाहुरेटोलस्थित सडक पेटिमा पार्किङ गरी राखिएको अवस्थामा कालो/रातो रङ्को पल्सर बाइक २२० सि.सि. भएको मोटरसाइकल अन्दाजी रातको २१:२१ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : दिनेश तामाङ**
**बाइक नं.: बा.प्र.-०२-०६४ प ६५२६**
**च्यासिस नं.: MD2A13EXXTCK80158**
**इन्जिन नं. : DKXCSJ10518**
**सवारी मोडेल नं. : 2026**
**ठेगाना : बुढानिलकण्ठ-१, काठमाडौं**
**सम्पर्क नं. ९७४१६८७७७३**

### MRP मूल्य सूची

**Jyoti Trading House द्वारा बिक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।**

| सि. नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंबर | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Jyoti Trading House | 603711602 | Refrigerator | AWAI | AW225-PCM-R | 225 Ltr | 38,000/- | |
| | | | Refrigerator | AWAI | AW240-PCM-R | 240 Ltr | 40,000/- | |

**Jyoti Trading House** | Kalimati, Kathmandu, Nepal, Phone No. : 01-4284654

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०४/०४ मा दर्ता भएको **प्रा. लि. नं. १९३४९८** को **युमानु एजुकेशन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/३० गते**

यस कम्पनीको मिति २०८३/०१/३१ को विशेष साधारण सभाको निर्णयबाट यस कम्पनीको नाम मेल मार्केज ब्युटी एकेडेमी प्रा.लि.बाट परिवर्तन गरी ए.एम.युनिसेक्स सैलुन एण्ड एकेडेमी प्रा.लि. गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/१८ को निर्णयले स्विकृति प्रदान गरेको हुँदा साविक नामको कम्पनीको सम्पूर्ण सम्पत्ति दायित्य, कर आदि र शैक्षिक कार्यक्रमहरू यसै परिवर्तित कम्पनी **ए.एम.युनिसेक्स सैलुन एण्ड एकेडेमी प्रा.लि.** को नामबाट सञ्चालन गरिने जानकारी सहित यो सार्वजनिक सूचाना प्रकाशित गरिएको छ ।

### युएइमा रोजगार

कम्पनी : JABAL ALFAIDH CARPENTRY & FLOORING CONTRACTING CO. LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 338299 | चलानी नं. ६०२५१७९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1500 | ६२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Painter | 5 | 0 | 1500 | ६२,४६५ | | | | | | | |
| 3 | Bricklayer | 3 | 0 | 1500 | ६२,४६५ | | | | | | | |
| 4 | Assistant Tile Layer | 2 | 0 | 1200 | ४९,९७० | | | | | | | |
| 5 | Electrician | 5 | 0 | 1500 | ६२,४६५ | | | | | | | |
| 6 | Assistant Electricians | 5 | 0 | 1200 | ४९,९७० | | | | | | | |
| 7 | False Ceiling/partion Fixer | 3 | 0 | 1500 | ६२,४६५ | | | | | | | |
| 8 | Light Technician | 3 | 0 | 1500 | ६२,४६५ | | | | | | | |
| 9 | Assistant Brick Mason | 3 | 0 | 1200 | ४९,९७० | | | | | | | |
| 10 | Tile Layer | 5 | 0 | 1500 | ६२,४६५ | | | | | | | |
| 11 | Painter (Ass.) | 5 | 0 | 1200 | ४९,९७० | | | | | | | |
| 12 | Quality Control Manager | 1 | 0 | 4000 | १६६,५८५ | | | | | | | |
| 13 | Site Manager | 1 | 0 | 3500 | १४५,७५५ | | | | | | | |
| 14 | Finance Manager & Controller | 1 | 0 | 4000 | १६६,५८५ | | | | | | | |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21st July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu, Nepal, Phone: (+977) 4112800, Padam Mainali 9813534349, Email: inspireintemp@gmail.com

### कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Ozone Overseas Service Pvt. Ltd. (ई.प.नं. ४४८/०६०/०६१) मा तपसिलका कर्मचारीहरू कार्यरत रही आएकोमा आजको मितिदेखि यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूद्वारा यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**तपसिल**

| S.N. | Name | Country | Passport/Citizenship Number |
|---|---|---|---|
| 1. | Rajesh Gyawali | Nepal | 64382839 |
| 2. | Sanjiv Kumar Sah | Nepal | 36076370 |
| 3. | Santosh Dhahal | Nepal | 8785164 |
| 4. | Sanjana Ghimire | Nepal | 06-01-80-10744 |
| 5. | Rama Bhujel | Nepal | 21-01-75-05430 |

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, +977 981-3407729,+977 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपद्रर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७८।०६।०४ मा दर्ता भएको प्रा.लि नं.२७२४३७ को **ई.ढुवानी प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।२६ को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १२६(१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, ३० असार, २०८३

**मेष** – साझेदारी तथा आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् ।

**वृष** – नयाँ कामको अवसर मिल्न सक्छ। आर्थिक पक्षमा सुधार हुनेछ । परिवारको सहयोग प्राप्त हुनेछ ।

**मिथुन** – व्यवसाय र जागिरमा प्रगति हुने दिन छ। पुरानो रोकिएको काम अघि बढ्ने सम्भावना छ ।

**कर्कट** – आत्मविश्वास बढ्नेछ । अध्ययन, लेखन र सञ्चार क्षेत्रमा सफलता मिल्ने योग छ ।

**सिंह** – घरपरिवारसँग सम्बन्धित जिम्मेवारी बढ्न सक्छ । भावनामा बगेर निर्णय नगर्नुहोस् ।

**कन्या** – छोटो यात्रा वा महत्वपूर्ण भेटघाटको सम्भावना छ । नयाँ योजना सुरु गर्न दिन राम्रो छ ।

**तुला** – आर्थिक लाभका अवसर देखिन्छन कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुन सक्छ । स्वास्थ्य सामान्य रहनेछ ।

**वृश्चिक** – नयाँ काम सुरु गर्न वा निर्णय लिन अनुकूल समय छ । परिवारबाट साथ र सहयोग मिल्नेछ ।

**धनु** – गोप्य योजना अरूसँग साझा नगर्नुहोस ध्यान र विश्रामले मानसिक शान्ति मिल्नेछ ।

**मकर** – मित्र तथा सहकमीबाट सहयोग प्राप्त हुनेछ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन् ।

**कुम्भ** – पेशागत क्षेत्रमा राम्रो उपलब्धि मिल्ने सम्भावना छ । वरिष्ठ व्यक्तिको सहयोग प्राप्त हुनेछ ।

**मीन** – अध्ययन, वैदेशिक योजना वा लामो यात्राका विषयमा सकारात्मक संकेत देखिन्छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३० असार, २०८३ (१४ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.२३ | १५२.८३ |
| युरो | १ को | १७३.७५ | १७४.४३ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.१० | २०४.९१ |
| स्विस फ्रैन्क | १ को | १८८.२८ | १८९.०२ |
| अस्ट्रेलियन डलर | १ को | १०५.८४ | १०६.२६ |
| क्यानाडियन डलर | १ को | १०७.५३ | १०७.९६ |
| सिङगापुर डलर | १ को | ११७.८५ | ११८.३१ |
| जापानी येन | १० को | ९.४१ | ९.४५ |
| चिनियाँ युआन | १ को | २२.४६ | २२.५५ |
| साउदी अरब रियाल | १ को | ४०.५५ | ४०.७१ |
| कतारी रियाल | १ को | ४१.७८ | ४१.९४ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४५ | ४१.६१ |
| मलेसियन रिङेट | १ को | ३७.४० | ३७.५५ |
| दक्षिण कोरियन वन | १०० को | १०.१५ | १०.१९ |
| स्विडिस क्रोनर | १ को | १५.७५ | १५.८२ |
| डेनिस क्रोनर | १ को | २३.२५ | २३.३४ |
| हङकङ डलर | १ को | १९.४२ | १९.४९ |
| कुवेती दिनार | १ को | ४९४.६५ | ४९६.६० |
| बहराइन दिनार | १ को | ४०३.७६ | ४०५.३५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# प्रेस काउन्सिलका नवनियुक्त अध्यक्ष श्रेष्ठले सम्हाले पदभार

## पत्रकारितामा स्वनियमनको प्रणालीलाई थप सुदृढ बनाउने प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रेस काउन्सिल नेपालका नवनियुक्त अध्यक्ष उमेश श्रेष्ठले पदभार ग्रहण गरेका छन् । सोमबार सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाबाट नियुक्तिपत्र र पद तथा गोपनीयताको शपथ लिएलगत्तै उनले सञ्चारग्रामस्थित काउन्सिलको कार्यालयमा पुगेर पदभार ग्रहण गरेका हुन् ।

मन्त्रिपरिषद्को यही असार २४ गतेको बैठकले श्रेष्ठलाई काउन्सिल अध्यक्ष पदमा नियुक्त गर्ने निर्णय गरेको थियो । नवनियुक्त अध्यक्ष श्रेष्ठले पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्दै पत्रकारितामा स्वनियमनको प्रणालीलाई थप सुदृढ बनाउने आफ्नो प्राथमिकता रहने बताए । सरकार र सञ्चार क्षेत्रबीच विश्वासको पुलको रूपमा काम गर्ने उनको प्रतिबद्धता छ ।

'प्रेस स्वतन्त्रताको संरक्षणसँगै जिम्मेवार पत्रकारिताको प्रवर्द्धनमा काउन्सिल सक्रिय रहने छ,' अध्यक्ष श्रेष्ठले भने, 'सञ्चारमाध्यमको स्वरूप परिवर्तन भइसके पनि प्रेस काउन्सिलसम्बन्धी कानुन पुरानै छ, त्यसलाई समयानुकूल परिमार्जन गर्नुपर्छ ।'



तस्बिर सौजन्य: प्रेस काउन्सिल नेपाल

नियुक्तिपत्र प्रदान गर्दै सञ्चारमन्त्री डा. तिमिल्सिनाले नियामक निकायको प्रमुखको हैसियतले उदाहरणीय काम गर्न आग्रह गरे । उनले सञ्चार क्षेत्रलाई थप जिम्मेवार, मर्यादित र प्रभावकारी बनाउन प्रेस काउन्सिलको भूमिका महत्त्वपूर्ण रहने बताए । सञ्चारमन्त्रीले वर्तमान समयमा गलत सूचना (मिसइन्फरमेसन) र दुष्प्रचार (डिसइन्फरमेसन) सञ्चार क्षेत्रका प्रमुख चुनौतीका रूपमा रहेको उल्लेख गर्दै त्यसको पहिचान गरी समाधानमुखी ढंगले अघि बढ्नुपर्ने खाँचो औंल्याए ।

त्यस्तै, सञ्चारमन्त्री डा. तिमिल्सिनाले सञ्चार क्षेत्रलाई अझ बलियो बनाउन सकिए त्यसबाट सबैभन्दा बढी लाभ सञ्चार जगतले नै लिने भएकाले काउन्सिलका तर्फबाट सकारात्मक हस्तक्षेप हुन आवश्यक रहेको बताए । उनले पुराना कानुनलाई समयानुकूल परिमार्जन गर्दै लैजान लागिएको उल्लेख गर्नुहुँदै मिडिया काउन्सिल विधेयक र आमसञ्चार विधेयकको मस्यौदामाथि छलफल अगाडि बढिसकेको जानकारी दिए । साथै, उनले क्षमता अभाव भएका संस्थाले प्रभावकारी काम गर्न नसक्ने भन्दै सञ्चारमन्त्रीले प्रेस काउन्सिललाई पनि थप जिम्मेवार, सक्षम र प्रभावकारी संस्थाका रूपमा विकास गर्नुपर्नेमा जोड दिए ।

### को हुन् नवनियुक्त अध्यक्ष श्रेष्ठ ?

काउन्सिलका नवनियुक्त अध्यक्ष श्रेष्ठ दुई दशकभन्दा बढी समयदेखि पत्रकारितामा छन् । छापादेखि टेलिभिजन, अनलाइन र डिजिटल पत्रकारितामा उनको अनुभव छ । 'नयाँ सडक' राष्ट्रिय दैनिक र 'स्पेसटाइम' राष्ट्रिय दैनिकमा उपसम्पादक, 'सिटी टाइम्स'मा सम्पादकका रूपमा काम गरेका उनले च्यानल नेपाल र एभिन्युज टेलिभिजनमा वरिष्ठ संवाददाता तथा प्रडचुसरका रूपमा पनि काम गरेका थिए । त्यसपछि नागरिकन्युज डटकममा वरिष्ठ संवाददाता, अन्नपूर्णपोस्ट डटकममा उपसम्पादक र पहिलोपोस्ट डटकममा सम्पादकका रूपमा काम गरेका थिए ।

आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर उनी नेपाली भाषाको पहिलो ब्लग 'माइसंसार'का संस्थापक हुन् । पछिल्लो समय फ्याक्टचेकर तथा प्रशिक्षकको भूमिकामा सक्रिय श्रेष्ठ 'नेपाल फ्याक्टचेक'का सम्पादक छन् । सिएमआर जर्नालिज्म एकेडेमीमा आबद्ध उनले तथ्यांकमा आधारित पत्रकारिता, तथ्यजाँच र डिजिटल सुरक्षासम्बन्धी प्रशिक्षण दिँदै आएका छन् ।

# मोक्तान भाइबाट प्रेरणा लिन तामाङ अग्रजहरूको आग्रह




■ प्रभाव संवाददाता

**काठमाडौं–** भाषाविद् अमृत योञ्जनले तामाङ भाषाको पहिलो हस्तलिखित पत्रिका 'म्हेन्दो'का सम्पादक मोक्तान भाइ (शेरबहादुर मोक्तान) तामाङ समुदायको प्रेरक व्यक्ति भएको बताएका छन् । सोमबार मोक्तानको निधनको सातौं दिनको तिथिमा तामाङ पत्रकार संघले आयोजना गरेको श्रद्धाञ्जलिसभामा उनले उक्त भनाइ राखेका हुन् ।

जस्तोसुकै अवस्थामा पनि लेख्नुपर्छ भन्ने छाप छाडेर मोक्तान भाइ यस लोकबाट बिदा भएको योञ्जनको भनाइ थियो । 'उहाँबाट जुनसुकै परिवेशको परिवेशको सामना गर्नुपर्छ र सिर्जनालाई रोक्नु हुदैन भन्ने प्रेरणा लिनुपर्छ,' उनले भने ।

वि.सं. १९९८ मा भोजपुरमा जन्मिएका मोक्तान भाइको यही असार २३ गते ८६ वर्षको उमेरमा निधन भएको थियो । मोक्तानले विभिन्न अप्ठ्यारा परिस्थिति सामना गरेर पनि ८६ वर्षको उमेरसम्मै पनि लेखन जारी राखेको भाषाविद् योञ्जनले बताए । उनले मोक्तान भाइसँगका भेटका प्रसंगसमेत साझा गरेका थिए ।

मानवशास्त्री डा. मुक्तसिंह लामाले जस्तोसुकै परिस्थितिमा पनि आफ्नो समुदायको हितका लागि काम गर्नुपर्छ भन्ने प्रेरणा मोक्तान भाइबाट लिन सकिने बताए । त्यसैगरी देशको शासन व्यवस्था अनुकूल नहुँदा पनि साहित्यमा कटिबद्ध भएर लागिपर्ने व्यक्तिका रूपमा मोक्तान भाइलाई आफूले पाएको डा. लामाको भनाइ थियो । 'आफ्नो जीविकाबाट बाहिर निस्केर तामाङ समाज साहित्य र दर्शनमा निरन्तर खोजिरहने । प्रतिकूल वातावरण हुँदा पनि मुख्य प्रेरणा लिनुपर्ने देखिन्छ,' उनले भने, 'अर्कोचाहिँ पाँचवटा व्यवस्थाविरुद्ध उहाँले संघर्ष गर्नुपर्‍यो । उहाँलाई चाहिँ राज्यले एक किसिमको ह्यारेसमेन्ट गर्‍यो । त्यसलाई पनि जुध्दै हामी जानुपर्दो रहेछ भन्ने प्रेरणा हामीले लिनुपर्छ ।'

म्हेन्दो पत्रिकाका सम्पादक मोक्तान भाइले पञ्चायतकालदेखि माओवादी शासनकालसम्म पनि दुःख भोगेको सर्जकहरूले बताए । लेखक तथा अनुसन्धाता रवीन्द्र तामाङले मोक्तान भाइ मातृभाषा पत्रकारिताको सुरुवातकर्ता भएको उल्लेख गर्दै उनी अनुकरणीय व्यक्ति भएको बताए । 'मोक्तान भाइ जसले हाम्रो पत्रकारिताको इतिहासलाई आरम्भ गर्नुभयो । मातृभाषाको पत्रकारिताको सुरुवात गर्नुभयो । त्यस मानेमा उहाँ हाम्रो अनुकरणीय व्यक्तित्व हुनुहुन्छ,' लेखक तामाङले भने ।

तीन वर्षअघि आफ्नो भेट भएको प्रसंग सुनाउँदै उनले मोक्तान भाइको लेखनमा रहेको 'नेपाल ओछ्यान, ओछ्यानमा, ओछ्यानमा' शीर्षकको कविता सुनाएका थिए । अर्का लेखक तथा अनुसन्धाता खोजराज गोलेले मोक्तान भाइको नामकरण, उनले गरेको संघर्षबारे चर्चा गरेका थिए । खादाबारे मोक्तान भाइले निकै अघि नै सुन्दर बयान गरेको र यसै विषयले बेलाबेला प्रशासनमा तारिख धाउनुपरेको प्रसंग लेखक गोलेले निकालेका थिए ।

सैलुङ अनलाइनका सम्पादक एवं अनुसन्धानकर्ता इन्द्र तामाङले आफू मोक्तान भाइको 'ह्याण्डराइटिङ'बाट प्रभावित भएको बताए । 'उहाँ दुई-तीन घण्टा लेख्नुहुन्थ्यो । उहाँको ह्याण्डराइटिङ स्किल देख्दा म त छक्क परेँ,' सम्पादक तामाङले भने, 'एकपटक लेखेपछि त्यो काट्नै पर्दैनथ्यो । अन्त सार्नै पर्दैनथ्यो ।'

तामाङ पत्रकार संघका अध्यक्ष नेत्र तामाङले मोक्तान भाइको योगदानलाई स्मरणीय बनाइराख्न संघले काम गर्ने बताए । 'तामाङ भाषा पत्रकारिताको इतिहास लामो रहेछ । यसको जग बसाल्ने काम गर्नुहुने मोक्तान भाइको योगदानलाई जीवित राख्न तामाङ पत्रकार संघले संस्थागतरूपमा चाँडै निर्णय लिने छ,' उनले भने ।

वि.सं. २०१६ मा भोजपुरबाट तामाङ भाषाको हस्तलिखित पत्रिका 'म्हेन्दो' मोक्तान भाइ र गणेश योञ्जनको सम्पादनमा प्रकाशन भएको थियो ।


### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०५/१७ मा दर्ता भएको **प्रा.लि. नं. २९८०४८/०७९/०८०** को **द्रव्य फास्ट फुड एण्ड क्याफे प्रा. लि.** को मिति २०८३/०३/२९ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: सन्दिप कुमार शाही, इजाजत पत्र नं. ६५२,**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फेन नं. ९८४४८१७६३३**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०५/०५ मा दर्ता भएको **प्रा. लि. नं. १७३५५७** को **गंगोत्री सामुदायिक पोलिक्लिनिक प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०८/२४ मा दर्ता भएको **प्रा. लि. नं. १५९८५०** को **हट पाटी मिडिया हाउस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### मलेसियामा रोजगार
कम्पनी : FULLFORCE SECURITY SERVICES SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०८/०१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 333774 | चलानी नं. ६०२४७४७५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 19 | 0 | 1700 | ६३,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५
Ever Bright Overseas Pvt.Ltd.
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

### कुवेतमा रोजगार
कम्पनी : YARDEK COFFEE FOR RESTAURANT MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 332850 | चलानी नं. ६०२४६५६९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter & Waitress | 10 | 0 | 120 | ५९,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. ७०३/०६४/०६५
BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Mob: Sagar Bhattarai 9851320507
Office Hours: 10:00 AM to 5:00 PM. Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com

### युएइमा रोजगार
कम्पनी : RUKN AL ZAJEL TECHNICAL SERVICE | शहर : UAE
पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 344411 | चलानी नं. ६०२५८१०९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician/ Assistant Electrician | 3 | 0 | 1200 | ४९,९७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Plumber | 3 | 0 | 1200 | ४९,९७३ | | | | | | | |
| 3. | Ordinary Labour | 4 | 0 | 1200 | ४९,९७३ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ५ गते (21th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

### कुवेतमा रोजगार
कम्पनी : GRAN NAILS LADIES BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०८३/०६/१० | LT. No. 331696 | चलानी नं. ६०२४५३९०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 5 | 150 | ७४,०७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician/ Manicure Pedicure | 0 | 5 | 150 | ७४,०७७ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

### साउदीमा रोजगार
कम्पनी : RAWABI NASSER ALOTAIBI ESTABLISHMENT | शेवा शुल्क: १०,०००/-
पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 344708 | चलानी नं. ६०२५८१२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage Agent | 4 | 0 | 1200 | ४८,८१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : COMPANY QAHWA WAKAD
पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 344840 | चलानी नं. ६०२५८१२२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Server (Barista) | 4 | 0 | 1200 | ४८,८१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १२०८/०७३/०७४
Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-31, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com

### साउदीमा रोजगार
कम्पनी : CROSSROADS TRANSPORTATION EST
पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 344879 | चलानी नं. ६०२४८१४९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TRAILER/TRUCK DRIVER | 4 | 0 | 1800 | ७३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MYLAF FALCONS TRADING LTD. COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 344880 | चलानी नं. ६०२५८१५०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 7 | 0 | 1800 | ७३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

### कतारमा रोजगार
कम्पनी : TECHNICAL AGRICULTURE COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 344720 | चलानी नं. ६०२५८१०७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 14 | 0 | 1000 | ४२,०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Farmer | 10 | 0 | 1000 | ४२,०३८ | | | | | | | |
| 3. | Assistant Pourer, Metal Castings | 5 | 0 | 1000 | ४२,०३८ | | | | | | | |

कम्पनी : THE HANADY BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 344844 | चलानी नं. ६०२५८१०८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician, Beauty | 0 | 2 | 1700 | ७१,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

### साउदीमा रोजगार
कम्पनी : BUKHAMSEEN INDUSTRIAL COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344331 | चलानी नं. ६०२५७५९७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 7 | 0 | 1200 | ४८,८१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Trailer Truck Driver | 2 | 0 | 1800 | ७३,२२१ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Green Star Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

### कुवेतमा रोजगार
कम्पनी : UMBRA COMOPANY FOR SERVING COLD AND HOT BEVERAGES AND LIGHT MEALS | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०३/२९ | चलानी नं.: ६०२५८०८४ | LT.No.: 344830

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 0 | 150 | ७४,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NASIYAT ABU HALIFA RESTAURANT & CAFE COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०३/२९ | चलानी नं.: ६०२५८०८३ | LT.No.: 344831

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 4 | 4 | 150 | ७४,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CROKAN WHOLESALE AND RETAIL TRADING COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०३/२९ | चलानी नं.: ६०२५८१६५ | LT.No.: 344914

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BAKERY HELPER | 20 | 0 | 120 | ५९,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 20 | 0 | 130 | ६४,२२५ | | | | | | | |

कम्पनी : DOMAS UNITED FACTORY FOR ALUMINUM WORKS CO. WLL | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०३/२९ | चलानी नं.: ६०२५८१६४ | LT.No.: 344913

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 5 | 0 | 110 | ५४,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Aluminum Labor | 10 | 0 | 110 | ५४,३४५ | | | | | | | |
| 3 | Driver/light (Male) | 5 | 0 | 140 | ६९,१६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन ५ गते (21 July 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82
MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

### जापानमा रोजगार
कम्पनी : SHO JIN COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८२/०४/१६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 328324 | चलानी नं. ६०२४२१९१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 1 | 0 | 201780 | १,८९,६०२ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : SHOUJIN COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८१/११/१९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/२५ | LT. No. 319709 | चलानी नं. ६०२३३९२८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 1 | 0 | 171000 | १,६०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

Requirements: N5 NAT or JLPT mandatory. Candidates must be studying N4 or cleared N4

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: नि:शुल्क
३. प्रशिक्षार्थी छनोट गर्ने तरिका, मिति र स्थान: छनोट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।
नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ३ गते (19th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम इजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-4016209, Cell : +977 970-6979348
E-mail :info@dninepal.com,Website:www.dninepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मनसुनजन्य विपद्को घण्टी: योजना होइन, 'एक्सन'मा उतारौं

**जल तथा मौसम विज्ञान विभागले देशका ३४ जिल्लामा साना नदीहरूमा आकस्मिक बाढीको पूर्वानुमान गर्दै सतर्क रहन जारी गरेको चेतावनीले राज्य संयन्त्र र सरोकारवालालाई पुनः एकपटक झकझकाएको छ । मनसुन सक्रिय भएसँगै देशभर भइरहेको अविरल वर्षा र त्यसका कारण देशका मुख्य राजमार्गहरू अवरुद्ध भएका समाचारहरूले आसन्न विपद्को भयावह चित्र प्रस्तुत गरिरहेका छन् । काठमाडौं उपत्यका जोड्ने राजमार्ग र विभिन्न सडक खण्डमा बाढीपहिरोले अवरोध सिर्जना गर्दै संवेदनशीलतालाई उजागर गरेको छ । विभिन्न जिल्लामा विपद्मा परेर नागरिकले ज्यान गुमाउनुपरेको दुःखद घटनाहरू सार्वजनिक भइरहेका छन् । यी घटनाले विपद्को जोखिमलाई उजागर गरेका छन् ।**

**प्राकृतिक प्रकोपलाई पूर्णरूपमा रोक्न नसकिए पनि यसबाट हुने मानवीय र भौतिक क्षतिलाई पूर्वतयारी र समयमै गरिने सतर्कताका माध्यमबाट निकै कम गर्न सकिन्छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र विभिन्न जिल्ला प्रशासन कार्यालयहरूले सुरक्षित स्थानको पहिचान, होल्डिङ सेन्टरहरूको तयारी र उद्धार टोलीहरूलाई 'अलर्ट' अवस्थामा राखेको दाबी त गरेका छन्, तर विगतका अनुभवहरू हेर्दा सरकारी योजना र कार्यान्वयनको तहबीच सधैँ ठूलो खाडल देखिने गरेको छ । घटना घटिसकेपछि मात्रै उद्धारका लागि दौडिने 'प्रतिक्रियात्मक' परिपाटीलाई त्यागेर अब 'पूर्वसक्रिय' रणनीति अपनाउनुको विकल्प छैन ।**

**यस घडीमा सबैभन्दा पहिलो र महत्त्वपूर्ण जिम्मेवारी तीनै तहका सरकार र तिनका मातहतका सुरक्षा निकायहरूको हो । बाढी र पहिरोको उच्च जोखिममा रहेका नदी तटीय क्षेत्र तथा भिरालो जमिनमा बसोबास गर्ने बस्तीहरूलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गरिनुपर्छ । राजमार्गहरूमा पहिरो पन्छाउनका लागि आवश्यक हेभी इक्विपमेन्ट र जनशक्ति तयारी अवस्थामा राख्नुपर्छ, जसले गर्दा आपूर्ति व्यवस्था र आपत्कालीन यात्रा रोकिने छैन । दोस्रो, सूचनाको प्रभावकारी सम्प्रेषण उत्तिकै आवश्यक छ । मौसमसम्बन्धी पूर्वानुमान र सडकको अवस्थाबारे नागरिकलाई पलपलको जानकारी गराउन स्थानीय सञ्चारमाध्यम र प्रविधिको अधिकतम प्रयोग गरिनुपर्छ ।**

**विपद् व्यवस्थापन केवल सरकारकोमात्र जिम्मेवारी होइनह यसमा रेडक्रस, स्थानीय क्लब, नागरिक समाज र स्वयं सर्वसाधारणको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । स्थानीय प्रशासनले जारी गरेको सूचना र अनुरोधलाई बेवास्ता गर्दै अत्यावश्यकबाहेकको अवस्थामा पनि यात्रा गर्ने प्रवृत्तिलाई नागरिक स्वयंले रोक्नुपर्छ । जोखिमयुक्त क्षेत्रमा बस्नेहरूले नदीको बहाव र जमिनको अवस्थालाई नियालेर उच्च सतर्कता अपनाउनु बुद्धिमानी हुने छ ।**

**जल तथा मौसम विज्ञान विभागका अनुसार मनसुन अझै केही दिन तीव्र रूपमा सक्रिय हुने देखिन्छ । तसर्थ, कागजमा बनाइएका विपद् व्यवस्थापनका योजनाहरूलाई व्यवहारमा उतार्ने र समन्वयलाई चुस्त बनाउने यो उपयुक्त समय हो । बेलैमा चेतौं र सम्भावित ठूलो जनधनको क्षतिबाट देशलाई जोगाउन सबै सरोकारवाला निकाय जिम्मेवार र संवेदनशील बनौं ।**

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के–के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# बसाइसराइ र बढ्दो सहरीकरण



❑ गम्भीरबहादुर हाडा

> सेवा, सुविधा र अवसरहरूको खोजी तथा नयाँ सहरहरूको वृद्धिको कारणले सहरी क्षेत्रको जनसंख्या तीव्र वृद्धि हुँदै गएको छ । यसको परिणामस्वरूप सहरमा उपलब्ध सीमित आर्थिक–सामाजिक र भौतिक पूर्वाधार सेवाहरूमा अतिरिक्त चाप पर्न गएको छ । सहरको भौगोलिक, प्राकृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक पक्षहरु विश्लेषण गरी सबल पक्षलाई ठम्याइ 'एक सहर, एक पहिचान'को अवधारणामा सहर सुहाउँदो मौलिक पहिचान झल्कने हिसाबले पहिचानसहितको सहरी विकास योजनाबद्ध ढंगले गर्न सकेमा सहरले तुलनात्मक रूपमा बढी लाभ प्राप्त गरी मौलिक किसिमले सहरी विकास अगाडि बढ्नसक्ने देखिन्छ ।

साधारण शब्दमा हेर्दा सहर त्यो हो, जहाँ मानिसहरूको मुख्य पेसा कृषिबाहेक अन्य द्वितीय र तृतीय व्यवसायको रूपमा हुन्छ । जो यातायात, प्रशासन, शिक्षा, चिकित्सा आदि विविध प्रकारका सामाजिक सांस्कृतिक कार्यहरूको केन्द्रबिन्दु रहेको हुन्छ, जहाँ प्राकृतिक साधनहरूलाई स्वरूप गुणमा परिवर्तन गरी सामानको रूपमा प्रयोग गरिन्छ । अर्को शब्दमा घना आवादीको क्षेत्र नै सहर हो, जहाँ हरेक प्रकारका सुविधा प्राप्त हुन्छ । यस आधारमा हेर्दा सहर भन्नाले मानव निवासीहरूको त्यस प्रकारको स्थायी र सघन समूहलाई भनिन्छ जहाँ गैरकृषि क्षेत्रको प्रधानता रहेको हुन्छ ।

सहरीकरण शब्दको उत्पत्ति ल्याटिन शब्द 'अर्बनस' बाट आएको हो । सहरीकरणले त्यस प्रक्रियालाई संकेत गर्छ जसको माध्यमबाट सहरको निर्माण हुन्छ । यसको अतिरिक्त सहरीकरणको अर्थ मानिसहरूद्वारा सहरी सभ्यतालाई स्वीकार गर्नु हो । लगभग हरेक देशमा गाउँबाट सहरतिर जनसंख्याको बसाइसराइ हुन्छ । सहर शब्दले भूमिको उपयोग, सेवाको प्रावधान, स्थानीय अधिकार, भवन र सडकहरूको विभिन्न रूपलाई देखाउँछ । सहरी क्षेत्रले घनत्व, आकार, अवस्था र यसको प्रयोग गर्ने तरिकालाई देखाउँछ ।

सहरीकरणमा परिवर्तन ल्याउने तत्वहरू भन्नाले विभिन्न प्रकारका सामाजिक, आर्थिक, प्राविधिक तथा भौतिक पक्षलाई समेत लिने गरेको पाइन्छ । प्राविधिक शक्तिले प्रारम्भिक सहरी क्षेत्रमा परिवर्तन ल्याउने काम गरेको हुन्छ । सुधारिएको प्रविधिसँगै सहरी जीवनलाई पनि क्रान्तिकारी तुल्याउँदै लगिएको हुन्छ । सहरमा प्रविधिकै कारण यातायातको सुविधाले काम गर्न मानिसहरू धेरै किलोमिटर टाढासम्म जान सक्ने वातावरण भएको हुन्छ । किनभने, प्रविधिले दूरीलाई छोटो तुल्याउन मद्दत गरेको हुन्छ । सुन्दरता, स्वास्थ्य र भौतिक सुविधाहरू सहरी योजनाका धेरै महत्त्वपूर्ण तत्वहरू हुन् । सहरका भौतिक साधनहरू भवन, सडक र भूमि हुन् । भौतिक साधनलाई सामाजिक, आर्थिक र प्राविधिक तत्वहरूबाट पन्छिने कुरामा हेर्न सकिने छैन । प्राविधिक, आर्थिक, सामाजिक र भौतिक तत्वहरू सहरीकरणका प्रक्रिया परिवर्तन ल्याउने महत्त्वपूर्ण साधनहरू हुन् ।

प्राविधिक तत्वहरूले सहरी क्षेत्रका उत्पत्तिका लागि एउटा आधारलाई प्रोत्साहित गर्दछन् । सुधारिएको प्रविधि सहरी जीवनमा क्रान्ति ल्याउँछ । सहरमा जनसंख्याको वृद्धि, ठूलठूला भवनहरूको निर्माण, औद्योगिक र व्यावसायिक क्रियाकलापमा वृद्धि, आधुनिक सुविधाको खोजी र विकास, घना र बाक्लो भई सहरले विगतको आफ्नो आधार स्थिति र स्वरूपमा परिवर्तन गर्दै आजभन्दा भोलि आफ्नो फैलावट बढाउने गर्छ ।

नेपालमा सहरीकरण र बसाइसराइको अवस्था र स्थितिलाई अध्ययन गर्दा महानगरपालिकाको १७ प्रतिशत सहरोन्मुख क्षेत्र रहेको तथा २.३ प्रतिशत ग्रामीण विशेषताको र ८०.७ प्रतिशत सहरी क्षेत्र रहेको तथ्यांकमा उल्लेख छ । गाउँपालिकाको दुई हजार ४१२ वडामा ५८ प्रतिशत जनसंख्या ग्रामीण क्षेत्रमा रहेको देखिन्छ । जबकि, अधिकतम सहरोन्मुख ६६४ वडामा ३६.१ प्रतिशत र सहरकेन्द्रित १३९ वडामा ५.९ प्रतिशत जनसंख्या रहेको देखिन्छ । त्यस्तै, नगरपालिकाको २८.४ प्रतिशत जनसंख्या सहरी क्षेत्रमा ५९१ वडा करिब ४६ प्रतिशत सहरोन्मुख क्षेत्रमा एक हजार २८५ वडा र अझै पनि २५.४ प्रतिशत एक हजार २४४ वडा ग्रामीण क्षेत्रमा रहेको प्रतिवेदनले देखाएको छ ।

उपमहानगरपालिकामा पनि ३९ प्रतिशत जनसंख्या सहरोन्मुख विशेषताका क्षेत्रमा र ५३ प्रतिशत सहरी वर्गीकरणको क्षेत्रमा बसोबास गर्ने गरेको देखिन्छ । नगरपालिका भए पनि बसोबास क्षेत्रको मुख्य विशेषता अझै पनि सहरोन्मुख नै रहेको तथ्यांकले देखाउँछ । त्यसैगरी, सहरी र सहरोन्मुख क्षेत्रको तुलनामा गाउँपालिकाका वडाहरूको संख्या धेरै तीन हजार ६८५ छ । ती क्षेत्रमा कूल जनसंख्याको ३३ प्रतिशत बसोबास गर्ने देखिन्छ ।

राष्ट्रिय सहरी नीति, २०८१ का प्रमुख रणनीति र कार्यनीतिहरूमा अन्तरआबद्धता प्रवर्द्धन गर्ने, सहरी-ग्रामीण तथा क्षेत्रीय समुन्नत राष्ट्रिय सहरी प्रणाली र सहरी स्वरूपको विकास गर्ने उद्देश्य हासिल गर्न सहर र सहरी प्रणालीबीचको सम्बन्ध सुदृढ गर्ने, ठूला सहरहरूलाई आर्थिक केन्द्रका रूपमा विकास गर्ने, मौलिक सहरी तथा बस्ती स्वरूपको संरक्षण गर्ने रणनीतिहरू लिइएको छ । उक्त रणनीतिहरू कार्यान्वयनका लागि सहर तथा बस्तीहरूको वैज्ञानिक वर्गीकरण र सेवा पूर्वाधारको मापदण्ड तोक्ने, ट्रान्जिट ओरिएन्टेड विकासलाई प्रोत्साहन, बृहत्तर सहरी क्षेत्र र सहरी आर्थिक करिडोरको एकीकृत विकास, योजनाबद्ध र एकीकृत बस्ती निर्माण, बजार केन्द्र र साना सहरहरूको विकास, सम्पदा बस्तीको निर्मित वातावरणको संरक्षण र स्थानीय तहका केन्द्रको योजनाबद्ध विकास गरिनेलगायतका कार्यनीतिहरू प्रस्तुत छन् ।

आर्थिक सर्वेक्षण २०८२/८३ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा सहरी विकास, आवास तथा ऊर्जा विकास कार्यक्रमअन्तर्गत गाउँबाट सहर रूपान्तरणको क्रम बढेसँगै जनसंख्याको भौगालिक संरचनामा पनि परिवर्तन भएको छ । करिब १७.० प्रतिशत भू-भाग ओगटेको तराई मधेसमा ५३.७ प्रतिशत जनसंख्या रहेको छ भने पहाडी तथा हिमाली क्षेत्रमा ४६.३ प्रतिशत जनसंख्या रहेको छ । खुम्चिँदो ग्रामीण जनसंख्या र बढ्दै गएको सहरी जनसंख्याका कारण पहाड तथा हिमालमा पूर्वाधार निर्माण तथा सेवा सुविधामा प्रतिव्यक्ति लागत बढ्दै गएको छ । जनघनत्व अधिक रहेका तराई मधेसमा ठूला पूर्वाधार निर्माणमा लगानी बढाउनुपर्ने छ । विद्युत्मा मुलुक आत्मनिर्भर उन्मुख हुँदै गएको छ । विद्युत् उत्पादनमा निरन्तर वृद्धि हुँदै गई २०८२ फागुनसम्म कूल विद्युत् जडित क्षमता चार हजार १५ मेगावाट पुगेको छ । राष्ट्रिय प्रसारणलाइन (६६ केभी र सो भन्दा माथिको लम्बाइ) सात हजार २८० सर्किट किलोमिटर पुगेको छ । साथै, यस अवधिसम्म ९९.१ प्रतिशत जनसंख्यामा विद्युत्को पहुँच पुगेको छ ।

बसाइसराइले राजनीतिक क्षेत्रमा ठूलो प्रभाव पर्दछ । उक्त ठाउँको लोकप्रिय नेता बसाइ सरेर अर्को ठाउँमा गई सो ठाउँलाई आफ्नो राजनीतिक कार्यक्षेत्र बनाएमा त्यहाँ नयाँ राजनीतिक समीकरण उत्पन्न हुन सक्दछ । बसाइसराइको कारणले गर्दा राजनीतिज्ञहरूबीच कुनै ठाउँमा सामान्य प्रतिस्पर्धा र अर्को ठाउँमा कडा प्रतिस्पर्धाको अवस्था सिर्जना हुनसक्दछ । त्यसमा पनि हाम्रोजस्तो बहुभाषी, बहुधर्म र बहुजाति भएको देशमा यसले ठूलो महत्त्व राख्दछ । आकर्षक तत्वहरू बढी भएको सुगम ठाउँमा जनसंख्याको चाप बढी र विकर्षण तत्वहरू बढी भएको गाउँ, पहाड तथा हिमालमा जनसंख्या क्रमिकरूपमा घट्दै गई रित्तिन पुग्दछ । यसको परिणामस्वरूप सामाजिक अस्थिरतामा अभिवृद्धि हुन्छ ।

जनघनत्व बढी भएको क्षेत्रमा रोग, भोक, दूषित पदार्थ, फोहोर र प्रदूषणले जनस्वास्थ्यमा प्रतिकूल असर पर्दछ । यसबाट महामारीको सम्भावना पनि बढ्न थाल्छ । जनसंख्याको चाप अत्यधिक भएको क्षेत्रमा प्राकृतिक स्रोत र साधन बढी हुन गई पारिस्थितिक प्रणाली खल्बलिन थाल्दछ । यसबाट वातावरणीय प्रदूषण बढ्न गई मानिसलगायत अन्य जीवजन्तुलाई बाँच्न मुस्किल पर्दछ । अत्यधिक बसाइसराइ हुन गएको अवस्थामा खेतीयोग्य भूमीमा धेरै घर बनाउनुपर्दछ । यसले गर्दा उब्जनी हुने भूमिमा घर बनाउन परी खानाको आपूर्ति मै संकट पर्दछ ।

विदेशबाट खाद्यान्न आयात गर्दा महँगो पर्न जान्छ । यस्तो खाद्यान्न किन्न आयस्रोत कम भएका जनताहरूलाई निकै मुस्किल पर्दछ । बसाइसराइको कारणले अत्यधिक जनघनत्व हुन गई यातायात, विद्युत्, सञ्चार आदिका आपूर्तिमा कठिनाइ उत्पन्न हुन्छ । राष्ट्रलाई विद्यालय, स्वास्थ्य चौकी, शान्ति सुरक्षाजस्ता आधारभूत र अपरिहार्य सेवा उपलब्ध गराउन कठिन पर्दछ । वनजंगलको फँडानी हुन गई अतिक्रमण बढ्नाले वन्यजन्तु तथा बहुमूल्य प्राकृतिक सम्पदाहरू नष्ट हुँदै जान्छन् ।

सहरी क्षेत्रमा बसोबास गरिरहेको जनसंख्या करिब ४२ प्रतिशत रहेको अनुमान छ । सेवा, सुविधा र अवसरहरूको खोजी तथा नयाँ सहरहरूको वृद्धिको कारणले सहरी क्षेत्रको जनसंख्या तीव्र वृद्धि हुँदै गएको छ । यसको परिणामस्वरूप सहरमा उपलब्ध सीमित आर्थिक-सामाजिक र भौतिक पूर्वाधार सेवाहरूमा अतिरिक्त चाप पर्न गएको छ । सहरको भौगोलिक, प्राकृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक पक्षहरू विश्लेषण गरी सबल पक्षलाई ठम्याइ 'एक सहर एक पहिचान' को अवधारणामा सहर सुहाउँदो मौलिक पहिचान झल्कने हिसाबले पहिचानसहितको सहरी विकास योजनाबद्ध ढंगले गर्न सकेमा सहरले तुलनात्मक रूपमा बढी लाभ प्राप्त गरी मौलिक किसिमले सहरी विकास अगाडि बढ्नसक्ने देखिन्छ ।

तसर्थ, योजनाबद्ध सहरी विकासमार्फत स्वच्छ, सुरक्षित र समृद्ध पहिचानमय सहरहरूको विकास गरी मागअनुसार नागरिकहरूलाई सर्वसुलभ र भरपर्दो तरिकाले गुणस्तरीय सहरी सेवा तथा सुविधा उपलब्ध गराई सहरी बासिन्दाको जीवनस्तरमा सुधार ल्याउनु आवश्यक भएको छ ।






✍ बैकुण्ठ भण्डारी

# कहिले दुख्छ सिंहदरबारलाई !

टेकुको सहिद शुक्रराज शास्त्रीलाई झुण्डयाइएको खरीको बोट । त्यही खरीबोटको काखमा बनाएको छ, सालिक । शास्त्रीको त्यही सालिक बनाउनेहरू पटक-पटक भए मालिक । सालिक बनाउने मालिकहरूले रातो चम्किलो इँटाले बनाएका छन्, सानो चौतारो । असारको मध्य दिनमा टन्टलापुर घामलाई छेकेर त्यही सहिदको सालिकलाई मात्र होइन, चौतारोमा बसिरहेको मटचाङ्ग्रोलाई पनि शितल प्रदान गरिरहेको थियो खरीको बोट । खरीको बोटले सहरलाई वर्षौंदेखि नियालिरहेको थियो । त्यसले सरकार फेरिएको पनि देखेको थियो, नारा फेरिएको पनि देखेको थियो, तर सहरको बानी भने धेरै नफेरिएको देखेको थियो ।

मटचाङ्ग्रो त्यही चौतारोमा बसेर मोबाइलमा भिडियो सार्दै थियो । सार्दै गर्दा उसको औंला चल्न छाडे । भिडियोमा टक्क रोकियो ।

'ह्विल लक' गरेपछि नवयुवाले आफैंले आफैंलाई जलाएर आत्मदाह प्रयास । दृश्यमा एउटा जवान केटो सडककोबीचमा आगोको ज्वालासँगै अइया र आत्था गर्दै चिच्याउँदै थियो । वरपर रहेकाहरू आगो निभाउन होइन मोबाइलमा भिडियो बनाउनमै व्यस्त देखिन्थे ।

मटचाङ्ग्रोले शुक्रराज शास्त्रीको सालिकलाई सुनाउँदै भन्यो । 'एउटा भर्खरको केटोको ज्यान गयो ।' उसले मनमनै भन्यो, अब सहरमा दुःखभन्दा ठूलो राजनीति सुरु हुने छ । त्यत्तिकैमा केशव नेपाल आइपुग्यो । किन हो, आज त सालिकलाई नै भिडियो देखाएर भ्युज बढाइदिएको ? मटचाङ्ग्रोले दायाँ त्रिपुरेश्वरतर्फ हेर्दै भन्यो । एउटा दुःखद घटनाले सहर रोएको जस्तो देखिन्छ । सहरमात्र रोएन सयौं मानिसहरू पनि भित्रभित्र रुँदै छ । अनि स्वार्थीहरूका आँखामा आँसु होइन, अवसर खोजिरहने छन् ।

'एक कान, दुई कान, मैदान' भनेजस्तै भयो । सामाजिक सञ्जालमा युवाका जलन फैलियो । मन भएकाले अस्पताल पुऱ्याउने प्रयास गरे । मनै नभएकाले भिडियो बनाएरै बसे । युवा भित्रभित्रै जलिरहेको थियो । संसद्मा चर्चा चलिरहयो । गृहमन्त्रीले बोले म रातभर रोएँ । यो त मेरो क्षेत्र अधिकारभित्रै पर्दो रहेन छ । त्यो त सबै ऊ परको स्थानीय सरकारको काममा पर्ने रहेछ !

भोलिपल्ट बिहानै मटचाङ्ग्रोले हेरिरहेको थियो । नगर प्रहरी सडकमा कम देखिन थाले । कसैले भन्यो, 'तनाव छ ।' कसैले भन्यो, 'सुरक्षाको चिन्ता छ ।' जुनसुकै कारण होस्, सडकले त्यो अनुपस्थितिलाई तुरुन्तै महसुस गऱ्यो ।

फुटपाथमा पहिला एउटा टेबुल आयो । त्यसपछि अर्को । त्यसपछि छाता । त्यसपछि प्लास्टिकको पाल । बिहानसम्म पैदल हिँड्ने बाटो बजार बनिसकेको थियो ।

एउटा कार सडकको बीचमै पार्क थियो । त्यसको छेउमा अर्को । अर्कोको छेउमा मोटरसाइकल । हर्नको आवाजले सहरको बिहानको प्रार्थना प्रतिस्थापन गरिसकेको थियो । न्युरोड गेट कट्नेबित्तिकै एउटा चालक करायो, दुई मिनेट त हो ! मटचाङ्ग्रो हाँस्यो ।

ऊ हाँसे पनि उसको भित्र बैरीले हाँस्दै भन्यो, 'हेर मटचाङ्ग्रो, सहरमा पसल उम्रिन अब वर्षा चाहिँदैन रहेछ ।' मटचाङ्ग्रोले जवाफ दियो, 'नियमको घाम अस्ताएपछि अव्यवस्थाको बीउ आफैं उम्रिन्छ ।'

'हेर केशव, हाम्रो देशको सबैभन्दा लामो समय कुन हो थाहा छ ?' उसले भन्यो, 'कुन ?'

मटचाङ्ग्रोले भन्यो, 'दुई मिनेट ।'

'किन ?' उसले सोध्यो ।

किनकि यही दुई मिनेटमा गाडी दिनभरि बस्छ । फाइल पाँच वर्ष अड्किन्छ । अनि जिम्मेवारी कहिल्यै आइपुग्दैन । फुटपाथमा एउटा वृद्धा लठ्ठी टेक्दै आइन् । उनी पैदल हिँड्ने बाटो खोज्दै थिइन् । तर बाटो सामानले भरिएको थियो । उनले सडक समातिन् । गाडीले हर्न बजायो । उनी डराइन् । मानिसहरू चिच्याए ।

सौभाग्यले दुर्घटना भएन ।

तर कसैको पसल हटेन । कसैको गाडी सरेन । जीवन फेरि उही गतिमा चल्यो । मटचाङ्ग्रोले फेरि भन्यो, 'हामी दुर्घटनाबाट सिक्दैनौं केशव । हामी दुर्घटना बिर्सिनमात्रै छिटो हुन्छौं ।' सहरभरि आन्दोलनका पोस्टर टाँसिएका थिए । कतै न्यायको माग थियो । कतै व्यवस्थामाथि प्रश्न थियो । कतै नियमको पक्षमा बहस थियो । कतै नियम नै अन्याय हो भन्ने नारा थियो । केशवले सोध्यो, 'यत्रो बहस, अब समाधान निस्केला त ? मटचाङ्ग्रो मुस्कुरायो । 'हामीकहाँ समाधानभन्दा पहिला माइक्रोफोन खोजिन्छ ।'

'किन ?,' उसले प्रश्न तेर्सायो ।

'किनकि समाधान चिच्याएर आउँदैन, काम गरेर आउँछ । काम गर्नेभन्दा बोल्ने धेरै छन्,' मटचाङ्ग्रोले भन्यो । साँझ पर्न लाग्यो । मटचाङ्ग्रोले खरीको बोटबाट त्रिपुरेश्वर अनि कालीमाटीतिर आँखा तेर्सायो र भन्यो, 'यो सहर विचित्र छ केशव ।'

'किन ?'

'जब नियम कडाइका साथ लागू हुन्छ, केही मानिस 'स्वतन्त्रता खोस्यो' भन्छन् । अनि नियम लागू हुँदैन भने, सरकार कहाँ छ ? भनेर कराउँछन् ।' केशव केहीबेर चुप लाग्यो ।

'त्यसो भए सरकार जे गरे पनि दोषी ? मटचाङ्ग्रोले हाँस्दै भन्यो, सरकारमात्र होइन, नागरिक पनि आफूलाई कहिल्यै दोषी मान्दैन । त्यत्तिकैमा एउटा युवक मोबाइलबाट लाइभ गर्दै चिच्याइरहेको थियो ।'

'हेर्नुस् ! सहर अस्तव्यस्त भयो ! कसैले केही गर्दैन !' मटचाङ्ग्रोले केशवलाई सोध्यो, 'उसले कहिल्यै नियम पालना गरेको होला ?'

केशवले काँध उचाल्यो, 'थाहा छैन ।'

'हामी सबै अरूलाई सुधार्न चाहन्छौं । आफूलाई भने छुट चाहन्छौं । यही नै हाम्रो राष्ट्रिय चरित्र बन्दै गएको छ ।' टेकुको त्यो चौतारो शान्त थियो । तर काठमाडौं सहर अझै कराइरहेको थियो । हर्न । नारा । भाषण । लाइभ भिडियो । फेसबुकका बहस । सबै एकसाथ । मटचाङ्ग्रो उठ्यो । धुलो टक्टक्यायो । आकाशतिर हेरेर बिस्तारै भन्यो, 'एउटा दुःखद घटनाले सहरलाई ऐना देखाएको छ । तर डर लाग्छ, कतै हामी ऐनामा आफ्नो अनुहार होइन, अरूकोमात्रै दोष खोज्दै नबसौं ।'

केशवले सोध्यो, 'साँच्चै उता बाढीले पस्यो रे नि ?'

मटचाङ्ग्रोको अनुहार गम्भीर भयो । अब कथा सहरको सडकबाट बाढी पसेको होल्डिङ सेन्टरतिर मोडिन्छ । जहाँ नारा कम छन्, तर पीडा धेरै छ । खरीको बोटका पात फेरि सर्सराए । मटचाङ्ग्रो र केशव टेकुको चौतारोबाट उठेर अघि बढे । सहरको भीड उस्तै थियो, तर उनीहरूका पाइला भने खोलाको किनारमा बनाइएको एउटा अस्थायी होल्डिङ सेन्टरतिर लागे । बाटोभरि पोस्टर टाँसिएका थिए ।

कतै लेखिएको थियो, 'न्याय चाहिन्छ !' अर्कोमा, 'व्यवस्था बदल !' अर्कोमा, 'जनताको आवाज दबाउन पाइँदैन !' मटचाङ्ग्रो मुसुक्क हाँस्यो । 'केशव, हाम्रो देशमा पोस्टरको अभाव कहिल्यै हुँदैन ।'

'किन ?,' केशवले सोध्यो ।

'किनकि पोस्टर टाँस्न सजिलो छ, समाधान टाँस्न गाह्रो ।' खोलाको किनारमा पुगेपछि उनीहरू दुवै केही क्षण मौन भए । रातिको वर्षाले 'होल्डिङ सेन्टर' डुबाएको थियो । प्लास्टिकका पालहरू आधा पानीमा थिए । ओछ्यानहरू भिजेका थिए । बालबालिकाका कापी-किताब पानीमा तैरिरहेका थिए । एउटी सानी केटो चिसो भुइँमा बसेर रुँदै थियो । अर्की सानी केटी आमाले बाढीमाथि राखेको टेबलमा निदाइरहेकी थिई । मटचाङ्ग्रोको घाँटी सुक्यो ।

'केशव' उता हेर त ।

'किताब भिजेपछि अक्षरमात्रै मेटिँदैन रहेछ । भविष्य पनि धमिलो हुँदो रहेछ । स्कुले केटो भिजेको किताबमा अक्षर कलाउँदै थियो । एउटा वृद्धा भिजेको कम्बल निचोर्दै थिइन् । उनले भनिन्, बाढी त हरेक वर्ष आउँछ बाबु तर हाम्रो पालोमा सरकार कहिल्यै आउँदैन । त्यहाँ त केवल भिजेको चामल, चिसिएको भुइँ र काँपिरहेका बालबालिका थिए ।'

त्यहाँ सरकारका भनिएका गैरमान्छेहरू सुरक्षा र अधिकारको कुरा गर्दै थिए । भाषण राम्रो थियो । शब्द मिठा थिए । तर त्यहाँ रोइरहेको बालकलाई देखेनन् । 'टाइँटाइ फिस !' गर्दै थिए । निर्देशन दिँदै थिए । उनीहरूलाई युटचुबरहरूले तह लगाउने प्रयास गर्दै थिए । प्रहरी उनै टाइँटाइ फिसहरूकै पछि थियो ।

त्यत्तिकैमा पुलिसको भ्यान आयो । नारा र भाषण गर्नेहरूलाई 'ड्याक्दै भ्यानभित्रै कोच्दै थिए । केशवले गहिरो सास फेऱ्यो । 'मटचाङ्ग्रो, यहाँ सबैले गरिबको नाम लिन्छन् । तर गरिबलाई सुन्ने कोही छैन ।' मटचाङ्ग्रोले जवाफ दियो, 'गरिब हाम्रो राजनीतिमा सबैभन्दा धेरै बोलाइने पात्र हो । तर उसलाई बोल्ने पालो भने कहिल्यै आउँदैन ।'

अचानक एउटी आमा कराइन् । बच्चालाई ज्वरो आयो ! औषधि खोजियो । स्वास्थ्यमी खोजियो । तर भेटियो केवल एउटा फाराम । त्यसमा लेखिएको थियो, 'आवश्यकताअनुसार व्यवस्थापन गरिने छ ।' मटचाङ्ग्रो हाँस्यो र केशवलाई खोलातिर संकेत गर्दै भन्यो, 'सायद फेरि बाढी आउँदै छ ।' होल्डिङ सेन्टरमा एउटा बालकले भिजेको कापी सुकाउँदै थियो । उसले मटचाङ्ग्रोलाई सोध्यो, 'हाम्रो घर कहिले बन्छ ?'

मटचाङ्ग्रोसँग उत्तर थिएन ।

मनमनै सोच्यो, घर त इँटाले बन्छ । तर भरोसा कसले बनाइदिन्छ ? दुवै फेरि टेकुको चौतारोतिर फर्किए । खरीको बोटका पातहरू हावासँगै हल्लिरहेका थिए । मटचाङ्ग्रोले आकाशतिर हेर्दै केशवलाई भन्यो, ह्विल लक लाग्यो, उसले आफैंलाई जिउँदै सल्कायो ! सहरमा फुटपाथ फेरि भरियो, सडक फेरि जाम भयो, भाषण फेरि गुञ्जियो । तर त्यहाँ, खोलाको किनारमा, एउटी आमाले आज पनि भिजेको चुलो सुकाइरहेकी छन् । सिंहदरबारलाई के भयो ?



**भानुको प्रतिमा** | २१३औं भानु जयन्तीको अवसरमा सोमबार मध्यनेपाल नगरपालिका-४ स्थित भानुको प्रतिमामा माल्यार्पण गर्दै वडाध्यक्ष रामबहादुर श्रेष्ठ । *तस्बिरः रासस*

# गण्डकी प्रदेशमा सर्पदंशका बिरामी बढे

**मध्यबिन्दु (नवलपरासी)**– गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्तापूर्व) सर्पदंशका घटनाको उच्च जोखिममा रहेको देखिएको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असारसम्म जिल्लामा मात्रै ६७० जना सर्पदंशका बिरामी स्वास्थ्य संस्थामा पुगेका छन् । तीमध्ये २५ जनामा विषालु सर्पले टोकेको पुष्टि भएको छ ।

तथ्यांकअनुसार नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा एक हजार २९ जना सर्पदंशका घटना दर्ता भएका थिए भने ५२ जनामा विषालु सर्पदंश भएको थियो ।

यस जिल्लाको भौगोलिक अवस्था, तराई क्षेत्र, घना वन, खेतीपाती र वर्षायाममा सर्पको सक्रियता बढ्ने भएकाले अन्य जिल्लाको तुलनामा यहाँ सर्पदंशका घटना बढी हुने गरेको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरका प्रमुख केशव चापागाईंले बताए । उनका अनुसार सर्पले टोकेपछि झारफुक वा घरेलु उपचारमा अल्झिनुभन्दा तत्काल नजिकको स्वास्थ्य संस्थामा पुग्नु नै सबैभन्दा प्रभावकारी उपाय हो ।

'सर्पदंशपछि बिरामीलाई सकेसम्म शान्त राखी तुरुन्त उपचारका लागि अस्पताल पुऱ्याउनुपर्छ,' उनले भने, 'समयमै उपचार पाए अधिकांश बिरामीको ज्यान बचाउन सकिन्छ । वर्षायाममा खेतबारीमा काम गर्दा जुत्ता लगाउने, राति टर्चको प्रयोग गर्ने र घर वरिपरिको झाडी सफा राख्नेजस्ता सावधानी अपनाउन आवश्यक छ ।'

गण्डकी प्रदेशमा नवलपरासी (बर्दघाट सुस्तापूर्व)पछि चालु आवमा तनहुँमा २७९, कास्कीमा १८७, स्याङ्जामा १७७, लमजुङमा ९३, म्याग्दीमा ५७, गोरखामा ४६, बागलुङमा ३८ र पर्वतमा १६ सर्पदंशका घटना दर्ता भएका छन् । मनाङ र मुस्ताङमा भने कुनै घटना दर्ता भएका छैनन् ।

प्रदेशस्तरको तथ्यांक हेर्दा पनि सर्पदंशका घटना क्रमशः घट्दो देखिएको छ । आव २०८२/८३ मा गण्डकी प्रदेशभर एक हजार ५६० जना सर्पदंशका बिरामी स्वास्थ्य संस्थामा पुगेका छन्, जसमध्ये ९२ जनामा विषालु सर्पले टोकेको पुष्टि भएको छ । अघिल्लो आव २०८१/८२ मा प्रदेशभर दुई हजार २०१ सर्पदंशका घटना र १८६ विषालु सर्पदंशका बिरामी दर्ता भएका थिए । *रासस*

# राप्ती तटीय क्षेत्रका नागरिकलाई नदी तर्न डुंगाकै भर



**राँझा (बाँके)**– बाँकेको नरैनापुर र डुडुवा गाउँपालिकालाई जोड्न राप्ती नदीमा पुल निर्माण नहुँदा तटीय क्षेत्रका नागरिक अझै पनि डुंगामा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ५ गते (21th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



दक्षिणी थाइल्याण्डको नाराथिवाट प्रान्तको याकानिया मस्जिद बाहिर इस्लामिक चन्द्र वर्षको पहिलो महिनामा आशुराको स्मरणार्थमा खाइने परम्परागत मिठाइ, अजुराका परिकारहरू पकाइँदै । *तस्बिरः एएफपी*

# बैंककको पबमा भीषण आगलागी, २७ जनाको मृत्यु

**बैंकक–** थाइल्याण्डको राजधानी बैंककस्थित एक पबमा सोमबार मध्यरातपछि भएको भीषण आगलागीमा कम्तीमा २७ जनाको मृत्यु भएको छ भने ६३ जना घाइते भएका छन् । घाइतेमध्ये २२ जनाको अवस्था गम्भीर रहेकाले मृतकको संख्या अझ बढ्न सक्ने आशंका गरिएको छ ।



आगलागी बैंककको उत्तरी क्षेत्रमा रहेको ना लाडपराव पबमा भएको हो । प्रारम्भिक जानकारीअनुसार स्टेज नजिकै रहेको सर्किट ब्रेकरबाट धुवाँ निस्किएपछि विष्फोट भएको र केही क्षणमै बाक्लो धुवाँ तथा आगो पबभर फैलिएको थियो । त्यसपछि मानिसहरू बाहिर निस्कन खोज्दा भागदौड मच्चिएको थियो ।

थाइल्याण्डका प्रधानमन्त्री अनुतिन चार्नविराकुलले घटनास्थलमै पुगेर २७ जनाको मृत्यु भएको पुष्टि गर्दै आगलागीको कारणबारे विस्तृत अनुसन्धान भइरहेको जानकारी दिए । उनका अनुसार धेरै शव पबको पछाडितर्फ रहेको शौचालय क्षेत्रमा फेला परेका छन् । त्यहाँ मानिसहरू ज्यान जोगाउन आश्रय लिन पुगेका थिए ।

प्रारम्भिक उद्धार टोलीले सार्वजनिक गरेको दृश्यमा पबको मुख्य प्रवेशद्वारबाट ठूलो आगो र बाक्लो कालो धुवाँ निस्किरहेको तथा मानिसहरू ज्यान जोगाउन भागिरहेको देखिएको थियो । आगलागी नियन्त्रणमा लिन दमकलकर्मीलाई करिब आधा घण्टा लागेको थियो । बैंककका गभर्नर चाडचार्ट सिटिपुन्टका अनुसार घाइतेलाई विभिन्न अस्पतालमा उपचारका लागि लगिएको छ । धेरै पीडितसँग परिचय खुल्ने कागजात नभएको वा उनीहरू बेहोस रहेकाले पहिचान गर्ने काम जारी छ ।

घटनापछि आफ्ना आफन्तको खोजीमा पुगेका परिवारजनका लागि घटनास्थल नजिकै दर्ता तथा सूचना केन्द्र स्थापना गरिएको छ । नजिकै अर्को कार्यक्रममा प्रस्तुति दिइरहेकी गायिका सुकन्या वोङवोङवाईले आगलागीको खबर पाएपछि घटनास्थल पुगेको बताउँदै आफ्ना ब्याण्डका एक सदस्यको मृत्यु भएको, तीन जना अस्पतालमा उपचाररत रहेको र एक जना अझै सम्पर्कविहीन रहेको जानकारी दिए । उनका अनुसार आगलागी भएपछि तत्काल विद्युत् आपूर्ति बन्द हुँदा पब अन्धकारमय बनेको र बाक्लो धुवाँका कारण मानिसहरूले एकअर्कालाई देख्न नसकेकाले बाहिर निस्कन कठिन भएको थियो ।

थाइल्याण्डमा यसअघि पनि यस्ता दुःखद् आगलागी भएका छन् । सन् २०२२ मा देशको पूर्वी क्षेत्रमा रहेको एक म्युजिक पबमा आगलागी हुँदा १४ जनाको मृत्यु भएको थियो । त्यसअघि सन् २००९ को नयाँ वर्षको पूर्वसन्ध्यामा बैंककको सान्टिका नाइटक्लबमा भएको आगलागीमा ६६ जनाले ज्यान गुमाएका थिए भने २०० भन्दा बढी घाइते भएका थिए । उक्त आगलागी भित्री आतशबाजी प्रदर्शनका कारण भएको निष्कर्ष निकालिएको थियो । *रासस/एपी*

# अस्ट्रेलियामा सबै अन्तर्राष्ट्रिय यात्रुका लागि डिजिटल यात्रु कार्ड लागू गरिने

**क्यानबेरा–** अस्ट्रेलिया सरकारले आगामी १२ देखि १८ महिनाभित्र सबै अन्तर्राष्ट्रिय यात्रुका लागि डिजिटल यात्रु कार्ड लागू गर्ने घोषणा गरेको छ । यससँगै विमानस्थलमा प्रयोग हुँदै आएको कागजी यात्रु कार्डको व्यवस्था क्रमशः अन्त्य गरिने छ ।

गृह मामिलामन्त्री टोनी बर्कका अनुसार विमानस्थलमा यात्रु व्यवस्थापन प्रणालीलाई आधुनिकीकरण गर्न सरकारले आगामी चार वर्षमा पाँच करोड ६१ लाख अस्ट्रेलियाली डलर (करिब तीन करोड ८९ लाख अमेरिकी डलर) लगानी गर्ने छ । उक्त योजनाअन्तर्गत देशभर डिजिटल यात्रु कार्ड लागू गरिने छ ।

यो निर्णय 'अस्ट्रेलिया ट्राभलर डिक्लेरेसन' प्रणालीको सफल परीक्षणपछि गरिएको हो । सन् २०२४ को अक्टोबरदेखि सिड्नी, मेलबर्न र ब्रिस्बेनमा अवतरण गर्ने केही क्वान्टास उडानमा कागजी यात्रु कार्डको विकल्पका रूपमा यसको परीक्षण गरिएको थियो । टोनी बर्क, व्यापार तथा पर्यटनमन्त्री डन फारेल, कार्यवाहक यातायातमन्त्री क्रिस्टी म्याकबेन तथा कृषि, मत्स्यपालन एवं वनमन्त्री जुली कोलिन्सद्वारा जारी संयुक्त विज्ञप्तिअनुसार हालसम्म चार लाख ५० हजारभन्दा बढी यात्रुले डिजिटल प्रणाली प्रयोग गरिसकेका छन् र यसको परीक्षण सफल भएको छ ।

सरकारका अनुसार सन् २०२६ को अन्त्यसम्म पर्थ र एडिलेड पुग्ने क्वान्टास उडानमा पनि यो प्रणाली विस्तार गरिनेछ । त्यसपछि आगामी १२ देखि १८ महिनाभित्र सबै अन्तर्राष्ट्रिय विमानस्थल र समुद्री बन्दरगाहमा यसको कार्यान्वयन गरिने योजना छ ।

डिजिटल यात्रु कार्डमार्फत यात्रुले यात्रा सुरु हुनुभन्दा तीन दिनअघि नै आफ्नो व्यक्तिगत विवरण र भन्सारसम्बन्धी अनिवार्य घोषणा अनलाइनमार्फत भर्न सक्ने छन् । यसले आगमनपछि कागजी फाराम भर्ने झण्झट हटाउने सरकारको अपेक्षा छ । व्यापार तथा पर्यटन मन्त्री फारेलले यो प्रणालीले अस्ट्रेलियालाई अझ सहज र आकर्षक पर्यटन गन्तव्य बनाउन सहयोग पुग्ने बताए ।

उनले भने, 'आगमन प्रक्रियालाई सरल र छिटो बनाउँदा यात्रुले फाराम भर्न कम समय खर्चिने छन् र अस्ट्रेलियाको भ्रमणमा बढी समय दिन सक्ने छन् ।'

सरकारका अनुसार यो आधुनिकीकरणले सन् २०३२ मा ब्रिस्बेनमा हुने ओलम्पिक तथा प्यारालम्पिक खेलका क्रममा बढ्ने अन्तर्राष्ट्रिय यात्रुको चाप व्यवस्थापन गर्न सीमा सुरक्षा निकायलाई समेत सहयोग पुऱ्याउने छ । *रासस/सिन्ह्वा*

# मध्य अमेरिकामा अत्यधिक गर्मीको लहर, १५० वर्षयताकै तापक्रमको कीर्तिमान भंग

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाको मध्य क्षेत्र आइतबार कीर्तिमानी अत्यधिक गर्मीको लहरको चपेटामा परेको छ । उत्तरी समथर भूभागदेखि रकी पर्वतीय क्षेत्रसम्म तापक्रमले विगतका कीर्तिमान तोडेको अमेरिकी राष्ट्रिय मौसम सेवाले जनाएको छ ।

प्रारम्भिक तथ्यांकअनुसार, युटा राज्यको राजधानी साल्ट लेक सिटी र मोन्टाना राज्यको सबैभन्दा ठूलो सहर बिलिंसमा तापक्रम १०९ डिग्री फरेनहाइट (४३ डिग्री सेल्सियस) पुगेको छ ।

मौसम सेवाका अनुसार दुवै सहरमा १५० वर्षभन्दा बढी समयदेखि राखिएको अभिलेखमा यो अहिलेसम्मकै उच्च तापक्रम हो । यसअघि साल्ट लेक सिटीमा १०७ डिग्री फरेनहाइट (४२ डिग्री सेल्सियस) र बिलिङ्समा १०८ डिग्री फरेनहाइट (४२ डिग्री सेल्सियस) को कीर्तिमान रहेको थियो ।

उच्च तापक्रमका कारण कोलोराडो र युटाका विभिन्न क्षेत्रमा फैलिएका डढेलो नियन्त्रणको प्रयास प्रभावित भएको छ । मौसमविद्हरूले अत्यधिक गर्मी मंगलबारसम्म कायम रहने अनुमान गरेका छन् । एक साताअघि पूर्वी अमेरिकामा पनि अर्को गर्मीको लहर चलेको थियो । त्यस क्रममा न्युयोर्क र फिलाडेल्फियामा तापक्रम करिब १०४ डिग्री फरेनहाइट पुगेको थियो ।

वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनका कारण विश्वभर अत्यधिक गर्मीका लहरहरू अझ बारम्बार, लामो समयसम्म रहने र तीव्र हुने प्रवृत्ति बढ्दै गएको छ । जीवाश्म इन्धनको दहनबाट हुने हरितगृह ग्यास उत्सर्जनलाई यसको मुख्य कारण मानिएको छ ।

यसैबीच, पश्चिमी युरोपले हालसम्मकै सबैभन्दा तातो जुन महिनाको अनुभव गरेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार त्यहाँको हालैको गर्मीको लहरका कारण एक हजार तीन सयभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । *रासस/एएफपी*

# ट्रम्पलाई 'आकस्मिक मृत्यु' को चेतावनी

**तेहरान–** अमेरिकी सिनेटर लिण्डसे ग्राहमको निधनपछि इरानका केही सरकारीनिकट सञ्चारमाध्यमले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहु तथा अन्य वरिष्ठ अमेरिकी र इजरायली अधिकारीलाई लक्षित गर्दै कडा चेतावनीपूर्ण सामग्री प्रकाशित गरेका छन् । ती प्रकाशनले अमेरिकासँगको तनाव थप चर्किन सक्ने संकेत दिएका छन् ।

इरानी दैनिक हामशहरीले आफ्नो पहिलो पृष्ठमा 'आकस्मिक मृत्युका लागि तयार हुनुहोस्' शीर्षक प्रकाशित गर्दै ट्रम्प, अमेरिकी रक्षामन्त्री पीट हेग्सेथ, प्रधानमन्त्री नेतान्याहु तथा अन्य अधिकारीको तस्बिरसँगै ग्राहमको मृत्युको सन्दर्भ जोडेको छ । उक्त सामग्रीमा ग्राहमको तस्बिरअघि ट्रम्प घुँडा टेकेर बसेको चित्रसमेत समावेश गरिएको छ ।

अर्को इरानी पत्रिका भातान-ए इमरोजले जुलाई १३ को संस्करणमा 'मृत्युका व्यापारीको मृत्यु' शीर्षकसहित ग्राहमको निधनलाई प्रमुख समाचार बनाएको छ । पत्रिकाले ग्राहमलाई इरानविरुद्ध अमेरिकाको कडा नीतिका प्रमुख समर्थकमध्ये एक भन्दै उनको 'अचानक बिरामी' परेर मृत्यु भएको उल्लेख गरेको छ ।

यसैबीच, इरानी सरकारी सञ्चारमाध्यमका एक समाचार वाचकले ग्राहमको मृत्युबारे टिप्पणी गर्दै इरानविरोधी अमेरिकी सिनेटर नरक पठाइएको भन्दै सार्वजनिक रूपमा प्रतिक्रिया जनाएका छन् । यस्ता अभिव्यक्तिले सामाजिक सञ्जाल र अमेरिकी राजनीतिक वृत्तमा थप



बहस सिर्जना गरेको छ ।

प्रतिवेदनअनुसार यी सामग्री सार्वजनिक भएपछि ट्रम्प समर्थक 'मेक अमेरिका ग्रेट अगेन (एमएजिए)' अभियानसँग आबद्ध केही समूहले ग्राहमको मृत्युबारे विभिन्न षडयन्त्र सिद्धान्त अघि सारेका छन् । कतिपयले यस घटनामा इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) को सम्भावित संलग्नताबारे अनुसन्धान गर्न माग गरेका छन् । यद्यपि त्यससम्बन्धी कुनै आधिकारिक प्रमाण सार्वजनिक भएको छैन ।

दक्षिण क्यारोलिनाबाट निर्वाचित सिनेटर ग्राहम लामो समयदेखि अमेरिकाको आक्रामक विदेश नीतिका समर्थक मानिन्थे । उनले युक्रेनलाई सैन्य सहयोग निरन्तर उपलब्ध गराउन, गाजामा इजरायललाई खुला समर्थन गर्न तथा इरानको वर्तमान शासन परिवर्तन गर्नुपर्ने धारणा बारम्बार सार्वजनिक गरेका थिए ।

गाजाको युद्धका क्रममा इजरायलले आवश्यक परे आणविक हतियार प्रयोग गर्न सक्ने अभिव्यक्ति दिएपछि उनी थप विवादमा परेका थिए । त्यसैगरी फेब्रुअरी २८ मा इरानमाथि भएको आक्रमणपछि पनि उनले इरानी सरकारलाई सत्ताच्युत गर्न खुला आह्वान गरेका थिए ।

फक्स न्युजसँगको अन्तर्वार्तामा ग्राहमले इरानको वर्तमान शासनको अन्त्यले मध्यपूर्वको शक्ति सन्तुलन परिवर्तन हुने र त्यसबाट आर्थिक अवसरसमेत सिर्जना हुने तर्क गरेका थिए । इरानसँगको पछिल्लो द्वन्द्व सुरु हुनुअघि उनले पटक-पटक इजरायल भ्रमण गरी गुप्तचर संस्था मोसादका अधिकारीसँग भेटवार्ता गरेका थिए । ती भेटबाट प्राप्त सूचनाले आफ्नै सरकारले उपलब्ध नगराएको जानकारी दिएको उनको भनाइ थियो ।

द वाल स्ट्रिट जर्नलका अनुसार ग्राहमले ती भ्रमणका क्रममा प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुसँग पनि छलफल गरेका थिए । प्रतिवेदनमा नेतान्याहुले उपलब्ध गराएको गुप्तचर सूचनाले राष्ट्रपति ट्रम्पलाई इरानविरुद्ध संयुक्त सैन्य कारबाहीमा सहमत गराउन भूमिका खेलेको दाबी ग्राहमले गरेको उल्लेख छ ।

यसअघि पनि उनले संयुक्त अरब इमिरेट्स र साउदी अरेबियालगायत क्षेत्रीय शक्तिलाई इरानविरुद्धको सम्भावित सैन्य कारबाहीमा सहभागी हुन आग्रह गर्दै आएका थिए । *रासस/एएनआई*

# जापानका एक चौथाइभन्दा बढी नगरपालिकामा १० प्रतिशतभन्दा बढी जनसंख्या घट्यो

**टोकियो–** जापानका एक चौथाइभन्दा बढी नगरपालिकामा सन् २०२० देखि २०२५ को अवधिमा जनसंख्या १० प्रतिशतभन्दा बढीले घटेको जापानी समाचार संस्था 'क्योदो न्युज'ले आइतबार जनाएको छ । समाचारअनुसार, यस्तो गिरावट भएका नगरपालिकाको संख्या अघिल्लो पाँच वर्षको तुलनामा झण्डै दोब्बर भएको छ । सन् २०१५-२०२० मा २४७ नगरपालिका यस श्रेणीमा रहेकामा सन् २०२०-२०२५ मा यो संख्या बढेर ४७७ पुगेको छ ।

सबैभन्दा ठूलो जनसंख्या गिरावट मध्य जापानको इशिकावा प्रिफेक्चरस्थित सुजु सहरमा देखिएको छ । सन् २०२४ को शक्तिशाली भूकम्पपछि त्यहाँको जनसंख्या ३४ प्रतिशतले घटेको जनाइएको छ ।

उत्तरपूर्वी जापानका इवाते र अकिता तथा पश्चिमी जापानको कोची प्रिफेक्चरका आधाभन्दा बढी नगरपालिकामा पनि जनसंख्या १० प्रतिशतभन्दा बढीले घटेको पाइएको छ । यो विश्लेषण सन् २०२० को राष्ट्रिय जनगणना र सन् २०२५ को अक्टोबर १ सम्मको प्रारम्भिक जनगणनाका तथ्यांकको आधारमा गरिएको हो । यसमा सरकारद्वारा तोकिएका २० प्रमुख सहरका १७१ प्रशासनिक जिल्लासहित कुल एक हजार ८९२ नगरपालिकाको जनसंख्या परिवर्तनको अध्ययन गरिएको छ ।

विशेषज्ञहरूले तीव्र जनसंख्या घट्दै जाँदा सार्वजनिक सेवा, स्थानीय अर्थतन्त्र र सामुदायिक संरचनामा नकारात्मक असर पर्ने चेतावनी दिएका छन् । उनीहरूले जापानको तीव्र जनसांख्यिक परिवर्तनलाई सम्बोधन गर्न प्रभावकारी नीतिको आवश्यकता रहेको बताएका छन् ।

यद्यपि २४३ नगरपालिकामा जनसंख्या वृद्धि भएको देखिए पनि अधिकांश क्षेत्रमा जनसंख्या घट्ने प्रवृत्ति जारी रहेको र केवल जन्मदर बढाएरमात्रै यो समस्या समाधान गर्न कठिन हुने विश्लेषणमा उल्लेख गरिएको छ । *रासस/सिन्ह्वा*

# भारतमा फोहोरको थुप्रो खस्दा नौ जनाको मृत्यु

**नयाँदिल्ली–** भारतको पश्चिमी क्षेत्रमा रहेको फोहोरबाट ऊर्जा उत्पादन गर्ने केन्द्रमा भारी वर्षापछि फोहोरको थुप्रो खस्दा नौ जना कामदारको मृत्यु भएको छ । केन्द्रका सञ्चालकले सोमबार जारी गरेको विज्ञप्तिमार्फत घटनाबारे जानकारी दिएका हुन् ।

भारतमा जुनदेखि सेप्टेम्बरसम्म रहने मनसुन अवधिमा भारी वर्षाका कारण भवन तथा पूर्वाधार सम्बन्धी दुर्घटनाहरू हुने गरेका छन् । लामो समयको वर्षाले कमजोर संरचना भत्किने वा पहिरो जाने जोखिम बढाउने गर्छ । गत बुधबार पुणे सहरको बाहिरी क्षेत्रमा रहेको 'एन्टोनी वेस्ट' फोहोर प्रशोधन केन्द्रमा दुर्घटना भएको हो । नजिकै रहेको ल्याण्डफिल (फोहोर विसर्जन स्थल) बाट हजारौं टन फोहोर खस्दा प्रशासनिक भवनमा रहेका २३ जना व्यक्ति पुरिएका थिए ।

कम्पनीले जारी गरेको विज्ञप्तिमा निरन्तरको वर्षाका कारण ल्याण्डफिल अस्थिर बनेपछि फोहोर खसेर भवनमा क्षति पुगेको उल्लेख गरिएको छ । घटनामा नौ जनाको मृत्यु भएको र १४ जनालाई जीवितै उद्धार गरिएको कम्पनीले जनाएको छ । उद्धार टोलीले वर्षाका कारण कठिन परिस्थितिमा काम गर्नुपरेको र भग्नावशेषमुनि फसेकाहरूकोउद्धारमाचुनौती भएको अधिकारीले बताएका छन् । *रासस/एएफपी*


**कतारमा रोजगार** — कम्पनी : CONSERVO FACILITY MANAGMENT

पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 344846 | चलानी नं. ६०२५८०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners/Housekeeping | 10 | 0 | 1000 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labor Machine | 10 | 0 | 1000 | ४१,८१० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1080/073/74
SKY LINE OVERSEAS PVT. LTD.
Badri Colony, Sukedhara-9, Kathmandu, Nepal, Tel: 4379385, E-mail: info@skylineoverseas.com.np

**मलेसियामा रोजगार** — कम्पनी : YOKE FOOD INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 344887 | चलानी नं. ६०२५८१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 11 | 0 | 1700 | ६३,७०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

**युएइमा रोजगार** — कम्पनी : ME SERVICES .LLC

पूर्व स्वीकृति मिति : २०८३/०३/२९ | LT. No. 344886 | चलानी नं. ६०२५८१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OFFICE BOY | 100 | 0 | 1200 | ४९,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान/ मिति :
सुनसरी, इटहरी, संस्थाको कार्यालयमा मिति : २०८३ साउन ५ गते (21st July 2026) मा हुनेछ ।
झापा, बिर्तामोड, सिद्धि होटलमा मिति : २०८३ साउन ५ गते (21st July 2026) मा हुनेछ ।
कास्की, पोखरा, संस्थाको कार्यालयमा मिति : २०८३ साउन ५ गते (21st July 2026) मा हुनेछ ।
बाके, नेपालगंज, डायमन्ड प्यालेसमा मिति : २०८३ साउन ५ गते (21st July 2026) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

**कतारमा रोजगार** — कम्पनी : ALMOSAMIMAH ALJADEDAH CONTRACTING AND TRANSPORTATION

पूर्व स्वीकृति मिति : २०८३/०३/२८ | LT. No. 344776 | चलानी नं. ६०२५८०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 5 | 0 | 1200 | ५०,४५२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2. | Builder Mason | 5 | 0 | 1200 | ५०,४५२ | | | | | | | |
| 3. | Messenger | 0 | 1 | 1200 | ५०,४५२ | | | | | | | |

कम्पनी : POPULAR CONTRACTING AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०३/२८ | LT. No. 344775 | चलानी नं. ६०२५८०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | 2500 | १,०५,१०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Cleaner | 5 | 4 | 1000 | ४२,०४३ | | | | | | | |
| 3. | Cleaners (Male) | 6 | 0 | 1000 | ४२,०४३ | | | | | | | |
| 4. | Sales Executive | 2 | 0 | 3000 | १,२६,१२९ | | | | | | | |
| 5. | General Builder | 3 | 0 | 1000 | ४२,०४३ | | | | | | | |
| 6. | Service Agents | 6 | 0 | 1500 | ६३,०६५ | | | | | | | |
| 7. | Representative | 5 | 0 | 2500 | १,०५,१०८ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ५ गते (21th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Lucky Human Resource Pvt.Ltd.
श्रम ईजाजत नं. १३०२/०७४/०७५
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २८५२०० | प्रति तोला – ० | प्रति तोला – ४३७५ |



**चुङरीमा पर्यटक** | रुकुम पूर्वको चुङरी बुकीमा घुम्न आएका आन्तरिक पर्यटक। पछिल्लो समयमा पर्यटकीय गन्तव्यको रूपमा चर्चामा आएको चुङरी बुकी समुद्री सतहदेखि चार हजार २०० मिटरको उचाइमा रहेको छ। यहाँ देशका विभिन्न जिल्लाबाट मानिसहरू घुम्न आउने गर्छन्। *तस्बिरः रासस*

इप्पान कार्यसमिति-ऊर्जामन्त्री भेटवार्ता

# निजी क्षेत्रको समस्या सम्बोधनका लागि समिति

■ प्रभाव संवाददाता



**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले तत्काल विद्युत् व्यापारमा र प्रसारणलाइन निर्माणमा निजी क्षेत्रको सहभागिता बढाउनुपर्नेसहित ३८ बुँदे माग ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठसमक्ष पेस गरेको छ।

सोमबार ऊर्जामन्त्रीले इप्पानको नवनिर्वाचित कार्य समितिलाई बधाई दिन आयोजित कार्यक्रममा ऊर्जाका विषयमाथि बृहत् छलफल गर्दै इप्पानले ऊर्जा विकास र विस्तारमा देखिएका समस्याहरू समाधानका लागि नीतिगत र कार्यान्वयन समस्याहरूसहित सम्बोधनका लागि प्रस्ताव गरेको हो।

ऊर्जामन्त्री श्रेष्ठले ऊर्जा क्षेत्रले नेपालमा पुऱ्याएको योगदानलाई बृहत् रूपमा विश्लेषण गर्दै 'इकोनोमिक इन्जिनियरिङ' लाई बृहत् आर्थिक विकासको दृष्टिकोणका साथ हेरेर अघि बढ्न आग्रह गरेका छन्।

'ऊर्जा क्षेत्रले आर्थिक र सामाजिक क्षेत्रमा ठूलो योगदान पुऱ्याएको छ, यसलाई अब बृहत् रूपमा विश्लेषण गर्नु आवश्यक छ।' उनले भने-'ऊर्जाले हरेक क्षेत्रमा गरेको योगदानलाई एकीकृत रूपमा विश्लेषण गर्नु आवश्यक छ।'

मन्त्रालय सरोकारवालासँगको बृहत् सहभागितामा ऊर्जा विकासका लागि अग्रसर भएको बताउँदै निजी क्षेत्रलाई समेटेर उच्चस्तरीय समिति बनाई यसको स्पष्ट कार्यदिशाका साथ अघि बढ्नुपर्ने बताए।

'विद्युत् व्यापारमा निजी क्षेत्रलाई सहभागिता बढाउने विषय धेरै अघि बढिसकेको छ, प्रसारणलाइन निर्माणमा यो वर्ष धेरै बजेट विनियोजन गरे पनि अर्को वर्षदेखि यसमा निजी क्षेत्रलाई आकर्षित नगरी हुने अवस्था छैन,' उनले भने, 'ऊर्जा क्षेत्रले आयोजना बनाउनुभन्दा नीतिगत र कार्यान्वयनगत समस्या समाधानका लागि सिंहदरबार धाउनुपरेको छ, विधिमार्फत यही समस्या समाधान गर्नका लागि स्पष्ट कार्यदिशासहितको उच्चस्तरीय समिति गठन गर्न मन्त्रालय छ।'

विद्युत् व्यापारको बजारबारे सरकार र निजी क्षेत्रबिच संयुक्त रूपमा समिति बनाई अघि बढ्नुपर्ने उनको तर्क थियो। विद्युत् व्यापारका लागि ऊर्जा मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई भारतमा ऊर्जा सहचारी राख्नका लागि प्रस्ताव गरिसकेको पनि उनले जानकारी दिए।

विद्युत् विधेयकलाई ऊर्जासँग सम्बन्धित सबै विषय समेटिएको छाता ऐनको बनाउने गरी मन्त्रालय अघि बढेको बताउँदै मन्त्री श्रेष्ठले वर्तमान सरकारलाई बहाना बनाउने छुट नभएको तथा विधि र व्यवहारमार्फत ऊर्जा क्षेत्रको फड्को मार्ने गरी सरकार अघि बढेको बताए।

# रसुवागढी जलविद्युत् आयोजना अस्थायीरूपमा बन्द

■ प्रभाव संवाददाता

**रसुवा–** ल्हेन्दे खोलामा पानीको सतह बढ्दै लेदो मिसिएको बाढी आउन थालेपछि पूर्वसावधानीस्वरूप १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको विद्युत् उत्पादन बन्द गरिएको छ।

रसुवागढी जलविद्युत् केन्द्रका प्रमुख सन्तोष अधिकारीका अनुसार सम्भावित जोखिमलाई मध्यनजर गर्दै आइतबार साँझदेखि विद्युत् उत्पादन रोकिएको हो। खोलाको अवस्था सामान्य रहेमा सोमबारबाट पुनः विद्युत् उत्पादन सुरु गरिने उनले जानकारी दिए।

गत वर्ष असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले आयोजनाको बाँधसहित विभिन्न संरचनामा ठूलो क्षति पुऱ्याएको थियो। त्यसपछि मर्मत तथा पुनर्निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको आयोजनालाई पुनः क्षति पुग्न सक्ने आशंकामा सुरुङतर्फ पानी लैजाने गेट बन्द गरिएको प्राविधिकहरूले बताएका छन्।

रसुवागढी हाइड्रोपावरका कार्यकारी निर्देशक सत्यराम ज्याख्वाका अनुसार खोलाको बहाव निरन्तर अनुगमन भइरहेको छ। अवस्था सुरक्षित देखिएमा सोमबारदेखि विद्युत् उत्पादन पुनः सञ्चालनमा ल्याइने उनले बताए।

भोटेकोशी नदीमा पनि पानीको बहाव बढ्न थालेपछि रसुवागढी भन्सार यार्डमा रहेका मालवाहक सवारीसाधन तथा नयाँ आयातित सवारी तत्काल सुरक्षित स्थानमा सारिएको त्यहाँस्थित सुरक्षाकर्मीले जनाएका छन्। भन्सार यार्डको उत्तरी भागबाट बाढी पस्न सक्ने जोखिम रहेकाले यार्डको थप सुरक्षा र तटबन्ध निर्माण गर्न नेपाल इन्टरमोडल यातायात विकास समिति (प्रालि)सँग चालकहरूले माग गरेका छन्।

गोसाइँकुण्ड गाउँपालिका-२ का वडाध्यक्ष कामी छिरिङ तामाङले ल्हेन्दे खोला र भोटेकोशी नदी आसपास नजान तथा सवारीसाधन नदी किनारमा नराख्न स्थानीयवासीलाई आग्रह गरेका छन्। रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी ध्रुवप्रसाद अधिकारीका अनुसार आइतबार साँझ आएको हल्का बाढीले मैलुङ सडकबाहेक अन्य स्थानमा उल्लेखनीय क्षति पुऱ्याएको छैन।

मैलुङ सडकखण्ड जोखिममा परेकाले केरुङ आवतजावत गर्ने सवारीसाधनलाई बेत्रावती-कालिकास्थान-धुन्चे-स्याफ्रुबेँसी हुँदै रसुवागढी पुग्ने साविकको सडक प्रयोग गर्न जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ। प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले यात्रु तथा चालकलाई जोखिमयुक्त सडक प्रयोग नगर्न अनुरोध गरेका छन्। लगातारको वर्षाका कारण नदी तथा खोल्सामा पानीको बहाव बढिरहेकाले नदी किनार तथा अन्य जोखिमयुक्त क्षेत्रमा नबस्न र यात्रा गर्दा विशेष सावधानी अपनाउन प्रशासनले आग्रह गरेको छ।

# मुक्तिनाथ विकास बैंकद्वारा सामाग्री हस्तान्तरण

**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सामुदायिक कल्याणमा टेवा पुऱ्याउने उद्देश्यले विभिन्न स्वास्थ्य संस्था, शैक्षिक संस्था, सामाजिक संस्था तथा स्थानीय तहलाई आवश्यक सामग्रीहरू हस्तान्तरण गरेको छ।

यस कार्यक्रम अन्तर्गत बैंकले सामाजिक तथा सरकारी अस्पताल, स्वास्थ्य चौकी लाई र स्थानीय तहमार्फत २६ वटा व्हीलचेयर उपलब्ध गराएको छ। बैंकले सल्यान जिल्ला अस्पताललाई १० थान, त्रिवेणी गाउँपालिका स्थित त्रिवेणी स्वास्थ्य चौकीलाई ३ थान, रंगेली मोरङ्ग स्थित रंगेली अस्पताललाई १० थान र ओमसतिया गाउँपालिका-१ नं. वडा कार्यालय मार्फत शारीरिक रूपमा फरक क्षमता भएका तथा आवश्यकता भएका व्यक्तिहरूका लागि तीन थान ह्विलचेयर हस्तानतरण गरेको छ।

यसैगरी, बैंकले पथरी नगर अस्पताल, पथरीलाई तीनसिटे कुर्सी चार थान, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरलाई तीनवटा विद्युतीय पानी डिस्पेन्सर र सल्यान स्थित श्री जनकल्याण आधारभूत विद्यालयलाई चारवटा वाटर प्युरिफायर हस्तान्तरण गरेको छ।

# सामान्य वर्षामा पनि बुटवल बसपार्क अस्तव्यस्त

■ दामोदर खनाल

**बुटवल–** बुटवल बसपार्क मर्मत सम्भार र सरसफाई नहुदा सामान्य वर्षा हुदापनि जलमग्न हुने गर्दछ। जसका कारण यात्रु र सवारी चालकलाई आवतजावतमा समस्या हुने गरेको छ। पश्चिम नेपालको सबैभन्दा ठुलो बसपार्क मर्मत सम्भार र सरसफाइमा सरोकारवाला निकायको ध्यान पुग्न नसक्दा अस्तब्यस्त बन्दै गएको हो।

सामान्य वर्षा हुँदा पनि बसपार्कको ठाउँ ठाउँमा पानी जम्दा यात्रु र सवारी चालकलाई आवतजावतमा समस्या हुने गरेको छ। बसपार्कका कतिपय ठाउँ उप्के भत्केको छ भनी ढल व्यवस्थित छैन भने दक्षिणतर्फ झाडीले वातावरण प्रदुषित बनाएको छ। बसपार्क वरिपरि मात्र नभएर बुटवल पश्चिमको सडक पनि अस्ततव्यस्त हुँदा सवारी चालक यात्रु स्थानीयलाई समस्या भएको बताउँछन्।



लुम्बिनी बस टर्मिनल, बुटवलमा सवारीसाधनसँग सेवा शुल्क उठाउने जिम्मा बुटवल उपमहानगरपालिकाले भुपेन ट्रेड एण्ड सप्लायर्स, बुटवललाई जिम्मा दिएको छ। उक्त सप्लायर्सलाई बार्षिक ३ करोड ६० लाखमा ठेक्का दिएको बताइन्छ। यो हिसाबले यहाँबाट दैनिक करिव एकलाख शुल्क उठ्ने गर्दछ।

भुपेन ट्रेड एण्ड सप्लायर्स बुटवलका सञ्चालक हरिबहादुर क्षेत्रीले ठेक्कामा स्थानीय लोकल बससँग पनि सेवा शुल्क लिने ठेक्कामा उल्लेख भएकोले स्थानीय (लोकल) बस गोलपार्क र राजमार्ग चौराहाबाट छुट्ने भएकाले ती बस बसपार्क प्रवेश नगरेपनि शुल्क उठाउने गरेको पत्रकार सम्मेलनमा जानकारी दिए।

यो लुम्बिनी बस टर्मिनल बुटवलबाट विभिन्न यातायात समितिका लामो र छोटो दुरीका लागि दैनिक एक हजार बढि सवारीसाधन सञ्चालान हुने गरेको छ।

सवारीसाधनले बसपार्क प्रवेश गरे वापत प्रति सवारी साधनले प्रत्येक पटक १०० रूपैयाँ शुल्क तिर्नु पर्दछ। कतिपय बसपार्क प्रवेस नगर्ने बस तथा हल्का सवारीसाधनबाट पनि सेवा शुल्क उठाउने गरेको सवारीधनी रामजी भण्डारीले गुनासो गरे। बस चालक सुशील पाण्डेले बस प्रवेश शुल्क नियमित तिरेपनि सरसफाई भएको देखिँदैन। सामान्य वर्षा हुँदा बसपार्कको विभिन्न ठाउँ सधैं जलमग्न हुने गरेको बताउँदै सवारीसाधन चलाउन समस्यानै छ भन्दै गुनासो पोखे।

लुम्बिनी बस टर्मिनल सरसफाई र मर्मतसंभारमा बुटवल उपमहानगरपालिकाले खासै ध्यान नदिदा अस्तव्यस्त बन्दै गएको हो। स्थानीय र सवारी चालकहरूले सवारी साधनबाट उठाएको रकम बसपार्क सरसफाई र मर्मत सम्भारमा खर्च हुन पर्ने बताउँदै आएका छन्। तर बुटवल उपमहानगरपालिकाले यसवारे खासै चासो नदिएको उनीहरूको भनाइ छ।


## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार ३२ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com



अब मात्र एक क्लिकमा...

**www.prabhabonline.com**

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ